








जि.स.का.द.नं. ५४/०५०/०५१

पान नं. ३०१३७२६६४

"चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्वृद्धि चण्डेश्वरीको साथमा"

नेफ्स्कून

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

CSACCOS

ACCESS BRONZE



आ.व. २०७८/०७९ को प्रगति प्रतिवेदन र आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम

३०औं

# वार्षिक साधारण सभा-२०७९

२०७९ असोज ३ गते सोमवार

बनेपा-८, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२९१४, ६६१७३२

## सञ्चालक समिति



**विकास बादे**
अध्यक्ष

**जय ओम बादे**
उपाध्यक्ष

**राम प्रसाद श्रेष्ठ**
सचिव

**रमेश काजी श्रेष्ठ**
सह-सचिव

**नविन भक्त बादे**
कोषाध्यक्ष

**हेमन्त राज प्रधान**
सह-कोषाध्यक्ष



**गणेश कुमार रंजित**
सदस्य

**पूर्ण पोटे**
सदस्य

**जितेन्द्र भक्त पोटे**
सदस्य

**रूकमणी राजभण्डारी**
सदस्य

**रोशना राजवंशी**
सदस्य

## लेखा समिति



**सुरेन्द्र प्रजापति**
लेखा सुपरीवेक्षण समिति
संयोजक

**बुद्धरत्न मानन्धर**
लेखा सुपरीवेक्षण समिति
सदस्य

**विनय कृष्ण कायस्थ**
लेखा सुपरीवेक्षण समिति
सदस्य

## सल्लाहकार तथा उप-समिति



**बालभक्त प्रधान**
सल्लाहकार

**इन्द्रनारायण भैल**
सल्लाहकार

**ओमकाजी प्रजापति**
कानुनी परामर्शदाता

**शारदा देवी वादे**
सदस्य, महिला विकास उपसमिति

**रचना न्हुँच्छे प्रधान बादे**
सदस्य, महिला विकास उपसमिति

**रीता मानन्धर**
सदस्य, महिला विकास उपसमिति



**बिमला पोटे**
सदस्य, महिला विकास उपसमिति

**रीता वादे**
सदस्य, शिक्षा उपसमिति

**जोत्सना सैंजु कायस्थ**
सदस्य, महिला विकास उपसमिति

**सुवन कुमार प्रधान**
सदस्य, समुह बचत उपसमिति

**दया प्रजापति**
सदस्य, महिला विकास उपसमिति

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

## व्यवस्थापन समूह



**झलेन्द्र प्रसाद दाहाल**
प्रमुख कार्यकारी अधिकृत



**रविन्द्र भक्त पोटे**
विभागिय प्रमुख (लेखा तथा आन्तरिक प्रशासन विभाग)

**रमेश श्रेष्ठ**
विभागिय प्रमुख (ऋण विभाग)

**सत्यनारायण श्रेष्ठ**
विभागिय प्रमुख (बचत तथा बजार प्रवर्द्धन विभाग)

**सुसिला पोटे**
बरिष्ठ बचत सहायक (काउन्टर)

**रमिता पोटे**
बरिष्ठ ऋण साहायक

**सुनिता मानन्धर**
बरिष्ठ लेखा सहायक



**संगीता जोशी**
नाला सेवाकेन्द्र प्रमुख

**सुसिला प्रधान**
लेखा सहायक

**नविना श्रेष्ठ**
सदस्य सेवा विभाग प्रमुख

**सूमित्रा रोक्का मिजार**
बचत तथा बजार प्रवर्द्धन विभाग सहायक

**सलिन श्रेष्ठ**
ऋण सहायक

**मिरा श्रेष्ठ**
बचत तथा बजार प्रवर्द्धन विभाग सहायक



**अन्जना कुइकेल**
कनिष्ठ सदस्य सेवा विभाग सहायक

**सरस्वती महाजु**
कनिष्ठ बचत सहायक (काउन्टर)

**जमुना श्रेष्ठ**
कनिष्ठ बजार सहायक

**प्रमोद श्रेष्ठ**
कनिष्ठ बजार सहायक

**निकेश सैंजु**
कनिष्ठ बजार सहायक

**राजेन्द्र श्रेष्ठ**
कनिष्ठ बजार सहायक



**रोमानिशा वादे**
कनिष्ठ बजार सहायक

**श्याम श्रेष्ठ**
कार्यालय सहयोगी

**मनबहादुर नार्तेन**
सुरक्षा गार्ड

**बुद्धमाया नार्तेन**
सरसफाई

"सहकार्यमा उत्कृष्ट वित्तीय समाधानका
लागि चण्डेश्वरी साकोस"

## ३०औं वार्षिक साधारण सभामा प्रस्तुत

# वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७८/०७९)

**प्रकाशक**

**चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**

बनेपा–८, काभ्रेपलाञ्चोक, फोनः ०११–६६२९१४, ६६१७३२

E-mail: chandibachat@mail.org

www.chandeshwori.coop.np

**मुद्रण**

**सनराइज प्रिन्टिङ प्रेस**

बालकोट, भक्तपुर

## यस भित्र

- अध्यक्षको मन्तव्य
- सचिवको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन तथा आ.ब. २०७९/०८० लागि अनुमानित बजेट तथा कार्यक्रम
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन
- 'शिक्षा तथा समाज कल्याण उपसमितिको प्रतिवेदन'
- समूह बचत उप-समितिको प्रतिवेदन
- महिला विकास उप-समिति प्रतिवेदन

३३ औं
स्थापना दिवस

दर्ता बमोजिम ३० औं
वि.सं. २०७९ साल असार २ गते

*आज हामी हाम्रो यात्राको ३३औं (दर्ता बमोजिम ३०औं) वर्षमा प्रवेश गरेका छौं ।*

*स्थापना कालदेखि हालसम्म यस संस्थालाई हर पल साथ दिँदै संस्थाको प्रगतिमा सदैव सद्भाव व्यक्त गर्दै आउनु भएका समस्त शेयर सदस्य महानुभावहरू लगायत सम्पूर्ण शुभचिन्तकहरुमा हृदय देखि नै कृतज्ञता एवं आभार व्यक्त गर्न चाहन्छौं ।*

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS BRONZE

**संस्थाको नारा (Slogan)**

“चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्वृद्धि चण्डेश्वरीको साथमा”

**संस्थाको परिकल्पना (Vision )**

“सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था ।”

**संस्थाको ध्येय (Mission )**

“सर्वशुलभ, गुणस्तरीय, प्रतिस्पर्धात्मक तथा नवीन प्रविधिमा आधारित वित्तीय सेवाहरू, तालिम, शिक्षा एवम् सूचना मार्फत सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग गर्ने ।”

**संस्थाका मुल्य मान्यता (Core Values )**

| क्र.सं. | मूल्यमान्यता | पुष्ट्याई |
|---|---|---|
| १ | समन्वय (Co-ordination) | संस्थाले गर्ने हरेक कामहरू समन्वयात्मक ढंगवाट अगाडि बढाइनेछ । |
| २ | जवाफदेही (Accountable) | संस्थाले गरेका हरेक कामहरू पूर्णरूपमा जवाफदेयी ढङ्गबाट सञ्चालन गरिनेछ । |
| ३ | उत्तरदायी (Responsible) | संस्थाले आफ्ना सरोकारवालाहरूप्रति पूर्ण रूपमा उत्तरदाही भई कार्य सञ्चालन गर्नेछ । |
| ४ | सम्मान (Respect) | सदस्य संस्थाका मालिक हुन् भन्ने भावले संस्थाका सबै सदस्यहरूलाई उच्च सम्मान गरिनेछ । |
| ५ | प्रजातान्त्रिक (Democratic) | संस्थाका हरेक निर्णयहरू कसैको दबाव वा प्रभावमा नपरी प्रजातान्त्रित ढंगवाट संस्थागत हितलाई केन्द्रमा राखेर गरिनेछ । |
| ६ | नवप्रर्वधन (Innovation) | संस्थाको विकास र सदस्यको सेवाका लागि हरदम नयाँ प्रविधिको खोजी गरिनेछ । |
| ७ | पारदर्शीता (Transparency) | संस्थाका हरेक निर्णय, प्रतिवेदन र सदस्यहरूसँगको कारोवारहरू पारदर्शी हुनेछन साथै हामीले गर्ने हरेक काम व्यक्तिगत स्वार्थभन्दा माथि उठेर संस्थागत स्वार्थ र सदस्यहीतमा केन्द्रित हुनेछन । |
| ८ | समानता (Equality) | संस्थामा अवद्ध सबै सदस्यहरूलाई धर्म, लिङ्ग, जात, क्षेत्र र नयाँ पुरानो नभनी समान ढंगबाट व्यवहार गरिने छ । |
| ९ | सेवाभाव (Service Motive) | संस्थाका सबै वस्तु तथा सेवाहरूका मूल्यदर नाफामा मात्र केन्द्रित नभई सेवाभावमा पनि केन्द्रित हुनेछन् । |
| १० | गोपनीयता (Secrecy) | कानुनले वाध्य पारेको अवस्था बाहेक सदस्यहरूले संस्थामा गरेको सम्पूर्ण वित्तीय कारोवारहरूको गोपनीयतालाई सदा कायम गरिनेछ । |

चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS BRONZE

प.सं.: २०७९/०८० (१२६) मिति : २०७९/०४/२२

च.नं.: ७०

श्री .........................................ज्यू
..................................................
शेयर सदस्य नं.: ...........................

विषय : वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०७९ श्रावण १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३०औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा उल्लिखित प्रस्ताव उपर छलफल हुने गरी सम्पन्न हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ

**साधारण सभा कार्यक्रम**

मिति : २०७९ आस्वीन ३ गते सोमबार
समय : बिहानको १० बजेदेखि
स्थान : बनेपा पार्टि भेनु (बनेपा - ८)

**प्रस्तावित विषयहरू**

(१) गणपुरक सङ्ख्या सम्बन्धमा।
(२) सचिवबाट प्रस्तुत आव २०७८/०७९ को प्रगति तथा आव २०७९/०८० को प्रस्तावित कार्यक्रम सम्बन्धमा।
(३) कोषाध्यक्षबाट प्रस्तुत आव २०७८/०७९ को आर्थिक प्रगति प्रतिवेदन तथा आव २०७९/०८० को प्रस्तावित बजेट सम्बन्धमा।
(४) आव २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
(५) आव २०७८/०७९ को लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
(६) विषयगत उपसमितिको प्रतिवेदन सम्बन्धमा।
(७) लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक सम्बन्धमा।
(८) साधारण सभा बैठक भत्ता सम्बन्धमा।
(९) शेयर लाभांश सम्बन्धमा।
(१०) संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा।
(११) जग्गा खरिद सम्बन्धमा।
(१२) सेवा केन्द्र खोल्ने सम्बन्धमा।
(१३) योगदानमा आधारित सदस्य सुरक्षा कार्यक्रम सम्बन्धमा।
(१४) रणनीतिक योजना स्वीकृत सम्बन्धमा।
(१५) संस्था एकीकरण सम्बन्धमा।
(१६) स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति विक्री सम्बन्धमा।
(१७) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्बन्धमा।
(१८) विनियम संशोधन सम्बन्धमा।
(१८) निर्वाचन कार्यक्रम सम्बन्धमा।
(१९) विविध

....................
सह- सचिव
**रमेश काजी श्रेष्ठ**

## साधारण सभा सम्बन्धी अन्य सूचना

(१) यस संस्थाको विनियम र सहकारी ऐन २०७४ बमोजिम संस्थामा सदस्यता कायम रहेका सम्पूर्ण शेयर सदस्यहरू उपस्थित हुनेगरी साधारण सभामा बोलाइएको छ। संस्थाको विनियम दफा ९ उपदफा ८ अनुसार लगातार एक वर्षसम्म नियमित बचत नगरेका सदस्यहरू निश्क्रिय सदस्यका रूपमा रहने भएकाले लगातार एक वर्ष देखि नियमित नगरेका सदस्यहरूलाई साधारण सभामा उपस्थित गराउन सकिने छैन।

(२) साधारण सभामा उपस्थित हुनका लागि संस्थाले जारी गरेको परिचय पत्र, शेयर प्रमाण पत्र वा पासबुक साथमा लिएर आउनु हुन अनुरोध छ।

(३) साधारण सभामा तोकिएको समयमा उपस्थित भई साधारण सभा उपस्थिति पुस्तिकामा उपस्थिति जनाइदिनुहुन अनुरोध छ, उपस्थित नभएका तथा उपस्थित भएता पनि उपस्थिति पुस्तिकामा उपस्थिति नजनाएका सदस्यहरूलाई साधारण सभा बैठक भत्ता उपलब्ध गराइने छैन।

(४) साधारण सभामा शेयर सदस्य नै अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ। प्रतिनिधिहरूलाई उपस्थित गराइने छैन।

(५) संस्थामा अवद्ध शेयर सदस्यहरूको पहिचान अध्यावधिक गर्नका लागि सदस्यता पहिचान फाराम भर्न बाँकी सदस्यहरूले संस्थामा सम्पर्क गरी पूर्ण रूपमा सदस्यता पहिचान फाराम भरी अध्यावधिक गरिदिनुहुन अनुरोध छ।

(६) साधारण सभामा उपस्थित हुँदा माक्स, सेनिटाइजर जस्ता कुराको प्रयोग गरी र सामाजिक दुरी कायम राखी बसिदिनुहुन अनुरोध छ।

(७) साधारण सभा सम्बन्धि थप जानकारीका लागि संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ।

(८) **निर्वाचन कार्यतालिका**

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०७९/०५/२४ (शुक्रवार) | दिनको ३ बजे |
| २ | मतदाता नामावली उपर दावीविरोध | २०७९/०५/२५ (शनिवार) | दिनको १२ बजेसम्म |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०७९/०५/२५ (शनिवार) | दिनको १ बजे |
| ४ | उमेम्द्वारी मनोनयन दर्ता | २०७९/०५/२५ (शनिवार) | दिनको २ बजेदेखि ३:३० बजेसम्म |
| ५ | उम्मेद्वारहरूको नामावली प्रकाशन | २०७९/०५/२५ (शनिवार) | बेलुका ४ बजे |
| ६ | उम्मेद्वारहरू उपर दावीविरोध | २०७९/०५/२५ (शनिवार) | बेलुका ५ बजेसम्म |
| ७ | उम्मेद्वारहरूको पुन नामावली प्रकाशन | २०७९/०५/२५ (शनिवार) | बेलुका ५:३० बजे |
| ८ | उम्मेद्वारी फिर्ता | २०७९/०५/२८(मंगलबार) | बेलुका ५ बजेसम्म |
| ९ | उम्मेद्वारहरूको अन्तिम नामावली प्रकाशन | २०७९/०५/२८(मंगलबार) | बेलुका ५:३० बजे |
| १० | मतदान | २०७९/०६/०३ (सोमबार) | दिनको १ बजेदेखि ५ बजेसम्म |
| ११ | मत गणना, मत परिणाम घोषणा, सफत ग्रहण र प्रमाण पत्र वितरण | २०७९/०६/०३ (सोमबार) | बेलुका ५ बजे पछि |

# अध्यक्षको मन्तव्य



✍ **विकास बादे**, अध्यक्ष

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको ३०औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, विभिन्न विषयगत उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी साथीहरू, संस्थाका धरोहर आदरणीय शेयर सदस्यज्यूहरू तथा पत्रकार मित्रहरूहरूमा मेरो व्यक्तिगत तर्फबाट र यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

विश्वभरि फैलिएको कोभिड १९ को महामारीबाट जोगिन गरिएको बन्दाबन्दीले समग्र व्यापार व्यवसायलाई नै नकारात्मक असर गरेको अवस्थामा यस संस्थालाई सुरक्षित र दिगो संस्थाका रूपमा सञ्चालन गर्न निश्चय नै कठीन थियो । सदस्यज्यूहरूको अथाहा मायाबाट यस संस्थाले महामारीको अवस्थासँग जुझ्दै यहाँ सम्म आइ पुगेको गर्वका साथ सुनाउन पाउँदा हर्षित छु । कोभिड १९ को महामारीको प्रभावलाई न्यूनीकरण गर्न गरिएको बन्दाबन्दी समाप्त भएको समय लगत्तै गत आवको मध्यदेखि देशमा तरलता अभाव र वैदेशिक मुद्रा सन्चिती घट्दै जाँदा फेरि नेपालमा अर्को खालको संकट देखिन थालेको छ । यस संकटमा पनि सदस्यज्यूरूको विश्वास र मायाले हामी सहजै अगाडि बढ्न सक्ने अवस्थामा छौ । विगत ३ वर्ष देखिको वित्तीय बजारमा देखिएको नकरात्मक प्रभावका बाबजुद गत आवमा हामीले संस्थाको मात्रात्मक र गुणात्मक वृद्धिमा उल्लेखनीय सुधार गर्न सकेका छौं । आव २०७७/०७८ को तुलनामा गत आवमा संस्थाले नाफामा उल्लेखनीय वृद्धि गरेको छ भने भाखा नाघेका ऋणमा पनि उल्लेखनीय सुधार गरी ३.७३ प्रतिशतमा राख्न सकेको छ । यसबाट पनि हामी भन्न सक्छौं चण्डेश्वरी साकोसमा सदस्यज्यूहरूको बचत पूर्ण रूपमा सुरक्षित छ । आव २०७८/०७९ को कारोवार र सदस्य सेवाको सन्दर्भमा गुणस्तरीय सेवा प्रदान गरे वापत यस वर्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून) ले हाम्रो संस्थालाई बाग्मती प्रदेशको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरेको व्यहोरा यस सभा समक्ष राख्न पाउँदा ज्यादै हर्षित छु । यस उपलब्धिको लागि मेहनत गर्ने सञ्चालकज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, संस्थालाई सही सल्लाह दिनुहुने सल्लाहकारज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलमा रही आफ्नो भूमिका निर्वाह गर्नुहुने संयोजक एवम् सदस्यज्यूहरू तथा अनवरत रूपमा इमान्दार र निष्ठापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहुने कर्मचारी वर्गमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छु साथै हाम्रो संस्थाले सहकारी अभियानमा खेलेको भूमिकालाई उच्च मूल्याङ्कन गरी पुरस्कृत गर्ने निर्णय गरेकोमा नेफ्स्कूनप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरू ! "**चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्बृद्धि चण्डेश्वरीको साथमा**" भन्ने मूल नारा लिएर अगाडि बढेको चण्डेश्वरी साकोस, सहकारी मूल्यमान्यता सिद्धान्त, सरकारबाट निर्मित ऐन कानुन र संस्थामा सुशासन कायम राख्न निर्मित आन्तरिक नीति, निर्देशिका र कार्यविधिको अक्षरशः पालना गर्दै समुदायमा आधारित सुरक्षित र दिगो संस्थाका रूपमा स्थापित हुने कुरामा हामी प्रतिवद्ध छौं । संस्थाले विगतका वर्षदेखि नै एसियाली ऋण महासङ्घद्वारा प्रतिवादित एक्सेस कार्यक्रममा आवद्ध भई उक्त कार्यक्रम मार्फत एसिया स्तरको स्तरीकरण प्राप्त गरेको छ र यस कार्यक्रमबाट थप माथिल्लो स्तरको स्तरीकरण हुने सोचका साथ आगामी दिनहरूमा संस्थाका कार्यक्रमहरूलाई थप प्रभावकारी र सदस्य मैत्री बनाउँदै लैजान संस्था प्रतिवद्ध छ । संस्थालाई आजको

अवस्थासम्म ल्याउन साथ र सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विषयगत उपसमितिका सदस्यज्यूहरू, कर्मचारी साथीहरू र संस्थालाई अथाह माया गर्नुहुने संस्थाका धरोहर आदरणीय शेयर सदस्यज्यूहरू सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनहरूमा पनि सोही अनुसारको साथ र सहयोगको अपेक्षा गर्दछु ।

यस अवधिमा विभिन्न कारणबाट दिवंगत हुनु भएका शेयर सदस्यज्यूहरू तथा शेयर सदस्यका एकाघरका परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवगंत आत्माको चिर शान्तिको कामना गर्दछु र शोकाकुल परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी श्री चण्डेश्वरी भवगती समक्ष प्रार्थना गर्दछु ।

अन्त्यमा, यस संस्थाको ३०औं वार्षिक साधारण सभाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि, अतिथि, शेयर सदस्यजूहरूमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । साथै नजिकिँदै गरेका नेपालीहरूका महान पर्व दशैं, तिहार, छठ लगायत यस वर्षका सम्पूर्ण पर्वहरूको शुभकामना व्यक्त गर्दै मेरो मन्तब्य यही अन्त्य गर्दछु ।

**धन्यवाद ! जय सहकारी ! जय चण्डेश्वरी**

# सचिवबाट प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रगती प्रतिवेदन तथा आव २०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम



**राम प्रसाद श्रेष्ठ**, सचिव

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को ३०औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिको संयोजक एवम् सदस्यज्यूहरू, संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक एवम् सदस्यज्यूहरू, कार्यकारी प्रमुख एवम् कर्मचारी साथीहरू, पत्रकार मित्रहरू तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका संस्थाका धरोहर शेयर सदस्यज्यूहरूमा यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु।

म यस संस्थाको सचिव राम प्रसाद श्रेष्ठ मिति २०७८ माघ २३ गते देखि २०७९ श्रावण २२ सम्म मेरो व्यक्तिगत कारणले विदेश जानु पर्ने भएकोले उक्त अवधिमा मेरो अनुपस्थितिमा सह सचिव रमेश काजी श्रेष्ठले सचिवको रूपमा जिम्मेवारी सम्हाल्नु भएको व्यहोरा सभा समक्ष जानकारी गराउँदछु। यस अवधिमा सहसचिवज्यूले संस्थाको सचिवको भूमिका निभाई संस्थालाई निरन्तर गतिशील बनाउनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बचत तथा ऋणको कारोबारको सिद्धान्तहरूलाई अंगिकार गर्दै हाम्रो समाजमा केही आर्थिक परिवर्तन हामी आफैंबाट गर्न सकिने उद्देश्यका साथ फ्रेण्ड्स फोरम काठमाडौंको प्राविधिक सुझाव र सल्लाह लिई २०४७ सालमा चण्डेश्वरी फोरमको नामबाट स्थापना भएको यस संस्था सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ लागु भए पश्चात सोही ऐन र नियमावली अनुरूप परिचालन गर्न २०५० साल आश्विन ६ गते चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को नाममा विधिवत दर्ता भए पश्चात औपचारिक रूपमा बचत तथा ऋणको कारोवार गर्न थालेको हो।

"**सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था**" को परिकल्पना (vision) का साथै यस संस्थाको कार्यक्षेत्र भित्रका यस संस्थामा आबद्ध शेयर सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणका लागि टेवा पुऱ्याउँदै आउनुका साथै यस काभ्रे जिल्लामा सञ्चालन भएका समुदायमा आधारित उत्कृष्ट संस्थाहरूमध्येमा परेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. ले ACCESS Brand Bronze प्राप्त गर्न सफल भई स्थापना कालदेखि विभिन्न बचत तथा ऋण कार्यक्रमहरू मार्फत शेयर सदस्यहरूलाई सेवा सुविधाहरू प्रदान गर्दै आईरहेको व्यहोरा यहाँहरूमा अवगत नै छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (Covid-19) को तेस्रो लहरबाट नेपाल पनि अछुतो रहन नसकेको कारणले यस असरबाट सुरक्षित हुन सार्वजनिक रूपमा भेला, सभा सम्मेलन गर्नका लागि नेपाल सरकार र स्थानीय सरकारबाट पनि बन्देज लगाइएको कारणले गर्दा आर्थिक वर्ष २०७८/०७९ का लागि निर्धारण गरेका कार्यक्रमहरू मध्ये केही कार्यक्रमहरू सञ्चालन गर्नमा बाधा पर्न गएको व्यहोरा पनि यहाँहरूमा जानकारी गराउन चाहन्छु।

आदरणीय शेयर सदस्यज्यूहरू! आ.व. २०७८/०७९ मा यस संस्थाबाट भए गरेका कार्यहरू र चालु आव २०७९/०८० मा गरिने प्रस्तावित कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. **आर्थिक वर्ष २०७८/०७९ मा भएका कार्यक्रमहरूको समीक्षा**

(क) **बैठक सम्बन्धी**

यस अवधिमा समिति तथा उप-समितिहरूको बैठक निम्न अनुसार बसेको जानकारी गराउँछु।

| | | |
|---|---|---|
| क. | सञ्चालक समितिको बैठक | - १४ पटक |
| ख. | लेखा तथा सुपरिवेक्षण समितिको बैठक | - १३ पटक |
| ग. | शिक्षा तथा समाजकल्याण उप-समितिको बैठक | - ३ पटक |
| घ. | महिला विकास उप-समितिको बैठक | - ३ पटक |
| ङ. | समुह बचत कार्यक्रम संचालन उप-समितिको बैठक | - ६ पटक |
| च. | ऋण तथा अर्थ व्यबस्थापन उप-समितिको बैठक | - ५२ पटक |
| छ. | सम्पत्ति तथा सामान खरिद बिक्री उप-समितिको बैठक | - ३ पटक |
| ज. | एक्सेस कार्यदल उप-समितिको बैठक | - ७ पटक |
| झ. | सेवा केन्द्र उपसमिति | - ३ |
| ञ. | सहस्य हित राहत कोष संचालन निर्णायक उप-समिति | - ४ पटक |
| ट. | पदपूर्ति उप-समितिको बैठक | - १९ पटक |
| ठ. | समीक्षा बैठक | - १ पटक |
| ड. | साधारण सभा तयार उप-समितिको बैठक | - ८ पटक |
| ढ) | व्याजदर निर्धारण उपसमिति | - १ पटक |

(ख) **सदस्य सम्बन्धी :**

यस संस्थामा आर्थिक वर्ष २०७७/०७८ को असार मसान्त सम्ममा महिला सदस्य संख्या ४१०७, पुरुष सदस्य ३,५६४ र अन्य सदस्य संख्या ३४ समेत जम्मा सदस्य संख्या ७,७०५ रहेकोमा आ.व. २०७८/०७९ को अन्त्य सम्ममा महिला सदस्य संख्या ४,३२०, पुरुष सदस्य संख्या ३७८१ र अन्य सदस्य संख्या ३२ समेत जम्मा सदस्य संख्या ८१३३ कायम रहन आएको छ। जस अनुसार महिला सदस्य संख्या २१३, पुरुष सदस्य संख्या २१७ र संस्थागत सदस्य सङ्ख्या २ वटा घटी जम्मा सदस्य संख्या ४२८ बृद्धि भएको जानकारी गराउन चाहन्छु। साथै बाल बचत कर्ता आव २०७७/०७८ को अन्त्यमा जम्मा ४४० भएकोमा आव २०७८/०७९ मा ४६ जना थप भई जम्मा ४८६ पुगेको जानकारी गराउँदछु।

(ग) **तालिम, गोष्ठी तथा कार्यक्रमहरूमा सहभागीता**

| क्रसं. | तालिम | मिति | सहभागी | आयोजक र स्थान |
|---|---|---|---|---|
| १ | जिल्ला सहकारी सङ्घ काभ्रेको ४०औं वार्षिक साधारण सभा | २०७८/०५/२५ | १. कोषाध्यक्ष - नविन भक्त बादे | जिल्ला सहकारी सङ्घ काभ्रे |
| २ | जाली नोट पहिचान तथा हस्ताक्षर प्रमाणीकरण | २०७८/०६/१९ | १. कर्मचारी- सरस्वती महाजु<br>२. कर्मचारी- सुमित्रा रोक्का मिजार | का.प.जि. बचत तथा ऋण सहकारी संघ |
| ३ | नेफ्स्कूनको ३०औं वार्षिक साधारण सभा | २०७८/०८/०३ | १. उपाध्यक्ष - जय ओम बादे | नेफ्स्कून, काठमाडौं |
| ४ | हव कोअपरेटिभ सर्भिस लि. को २७औं साधारण सभा | २०७८/०८/१५ | १. स.सदस्य - रोशना राजवंशी | हव कोप सर्भिस लि. काठमाडौं |

| क्रसं. | तालिम | मिति | सहभागी | आयोजक र स्थान |
|---|---|---|---|---|
| ५ | प्रोव्सून बाग्मतीको प्रथम साधारण सभा | २०७८/०८/१८ | १. कोषाध्यक्ष - नविन भक्त बादे | प्रोब्सून बाग्मति, बनेपा |
| ६ | २८औं पार्म वर्कसप | २०७८/०९/०५ | १. उपाध्यक्ष - जय ओम बादे २. कोषाध्यक्ष - नबिन भक्त बादे ३. लेखा प्रमुख-रबिन्द्र भक्त पोटे ४. ऋण प्रमुख - रमेश श्रेष्ठ | चन्द्रागिरी साकोस,थानकोट |
| ७ | का.प.जि. बचत तथा ऋण सहकारी सङ्घ लि.को २४औँ साधारण सभा | २०७८/०९/१० | १. अध्यक्ष - विकास बादे | का.प.जि बचत तथा ऋण सहकारी सङ्घ बनेपा। |
| ८ | मोर्डन क्रिएटिभ मार्केटिङ इन कोअपरेटिभ | २०७८/०९/२४ | १. कर्मचारी - प्रमोद श्रेष्ठ २. कर्मचारी - रोमानिसा बादे | बैकिङ्ग ट्रेनिङ्ग इन्सटिच्यूट, बनेपा |
| ९ | लेखा सुपरिबेक्षण समिति क्षमता अभिबृद्धि तालीम | ०७८/११/२१ | १. ले.सु.स. संयोजक तथा सदस्यहरू, सञ्चालक तथा प्र.का.अ. | चण्डेश्वरी साकोस र का.प.जि. बचत सङ्घ, धुलिखेल |
| १० | आयकर तथा इ फाईलिङ | २०७८/११/२७ देखि २९ सम्म | १. कर्मचारी - सुनिता मानन्धर | का.प.जि. बचत तथा ऋण सहकारी सङ्घ, बनेपा |
| ११ | पर्ल्स तथा स्वट विश्लेषण गोष्ठी | ०७८/१२/१९ | १. संस्थाका सम्पूर्ण सञ्चालक, लेसुस, सल्लाहकार, उपसमिति एवम् कर्मचारीहरू | चण्डेश्वरी साकोस, धुलिखेल |
| १२ | Go AML Training | २०७८/१२/२५ र २६ | १. लेसुस सदस्य-बुद्ध रत्न मानन्धर २. लेखा प्रमुख- रबिन्द्र भक्त पोटे | का.प.जि. बचत सङ्घ, बनेपा |
| १३ | NFRS Training | ०७८/१२/२५ देखि २७ सम्म | १. प्रकाअ.-झलेन्द्र प्रसाद दाहाल | नेफस्कून, नगरकोट |
| १४ | सहकारी क्षमता अभिवृद्धि तथा वित्तीय व्यवस्थापन तालिम | २०७९/०१/१९ देखि २१ सम्म | १. कर्मचारी-सुमित्रा रोक्का मिजार | बागमती प्रोब्सुन, बनेपा |
| १५ | २९औं पार्म वर्कसप | ०७९/०१/२४ | १. अध्यक्ष - बिकास बादे २. प्रकाअ- झलेन्द्र प्रसाद दाहाल ३. लेखा प्रमुख- रबिन्द्र भक्त पोटे | युवा साकोस, बनेपा |

| क्रसं. | तालिम | मिति | सहभागी | आयोजक र स्थान |
|---|---|---|---|---|
| १६ | रणनीतिक योजना गोष्ठी | ०७९/०२/१४ र १५ | १. संस्थाका सम्पूर्ण सञ्चालक, लेसुस, सल्लाहकार, उपसमिति एवम् कर्मचारीहरू | चण्डेश्वरी साकोस, नगरकोट |
| १७ | २३औं पार्म वर्कसप (एक्सेसमा आवद्ध बँगमती क्लस्टर साकोसहरुको समुह रिफर्मेशन भएको) | २०७९/०२/२३ | १. अध्यक्ष-विकास बादे<br>२. लेसुस संयोजक- सुरेन्द्र प्रजापति<br>३. ऋण प्रमुख-रमेश श्रेष्ठ | जनसचेतन साकोस, दोलखा |
| १८ | साकोस शीखर गोष्ठी | २०७९/०२/२९ र ३० | १. उपाध्यक्ष - जय ओम बादे<br>२. कोषाध्यक्ष- नबिन भक्त बादे<br>३. लेसुस संयोजक- सुरेन्द्र प्रजापति ४. ऋण प्रमुख - रमेश श्रेष्ठ | नेफस्कून, काठमाडौं |
| १९ | IME Pay सम्बन्धी अर्न्तक्रिया तालिम | २०७९/०३/०१ | १. कर्मचारी - अन्जना कुइँकेल | आइ एम ई, काठमाडौं |
| २० | आधारभूत लेखा व्यवस्थापन तालिम | २०७९/०३/०२ देखि ०४ | १. कर्मचारी - सरस्वती महाजु | का.प.जि. बचत सङ्घ, बनेपा |

(घ) **उत्कृष्ट सदस्य पुरस्कार वितरण** : संस्थाको प्रोत्साहन नीति २०७७ अनुसार आ.व. २०७७/०७८ मा उत्कृष्ट बचत तथा ऋण कारोबार गर्ने शेयर सदस्यलाई निम्नानुसार पुरस्कृत गरिएको थियो ।

१) उत्कृष्ट नियमित बचत कर्ता पुरस्कार – सदस्य नं. १००२०६९ की शोभा कायस्थ
२) उत्कृष्ट मुद्धती बचत कर्ता पुरस्कार – सदस्य नं. १००२७७१ की शारदा देवी बादे श्रेष्ठ
३) उत्कृष्ट ऋणी पुरस्कार – सदस्य नं. १००५७४३ की हिरा माया श्रेष्ठ
४) उत्कृष्ट बाल बचत कर्ता पुरस्कार – बाल सदस्य नं. १०१००३५ की सुजता के.सी. खत्री

ङ) **संस्था एकीकरण सम्बन्धि** : संस्था गाभ्ने वा गाभिने सम्बन्धी आवश्यक कार्बाही अगाडि बढाउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित भएको थियो । तर यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थासँग एकीकरण हुन आउने उपयुक्त संस्था सम्पर्कमा नआएकोले यस विषयमा कुनै प्रगति भएन ।

च) **नीति, कार्यविधि र निर्देशिका निर्माण तथा संशोधन** : संस्थामा सुशासन कायम राख्दै दिगो र सुरक्षित संस्थाका रूपमा विकास गर्न आव २०७८/०७९ मा निम्न नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

| क्र.सं. | नीति तथा कार्यविधि |
|---|---|
| १ | सेवा केन्द्र व्यवस्थापन नीति २०७८ |
| २ | बैठक सञ्चालन कार्यविधि २०७८ |
| ३ | भुक्तानी पूर्जा वितरण तथा बचत फिर्ता कार्यविधि २०७८ |
| ४ | योगदानमा आधारित सदस्य सुरक्षा नीति २०७९ |

| क्र.सं. | नीति तथा कार्यविधि |
|---|---|
| ५ | विद्युतीय कारोवार सञ्चालन निर्देशिका २०७९ |
| ६ | अनिवार्य विदा कार्यविधि २०७९ |
| ७ | आर्थिक नीति २०७७ पहिलो संशोधन २०७८ |

छ) **मानव संशाधन व्यवस्थापन** : संस्थाले गर्नु पर्ने दैनिक कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न गत साधारण सभाबाट प्राप्त अख्तियारी अनुसार पदपूर्ति उपसमितिले संस्थाको मानव संशाधन नीति अनुसार आवश्यक प्रक्रिया पूरा गरी सिफारिस गरेको आधारमा आव २०७८/७९ मा निम्नानुसार नयाँ पदपूर्ति, फायल बढुवा तथा आन्तरिक प्रतिस्पर्धाबाट बढुवा गरिएको व्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

| क्र.सं. | तह | कर्मचारीको नाम | निर्णय मिति | नियुक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सातौँ | रविन्द्र भक्त पोटे | २०७८/०४/२३ | २०७८/०४/२५ | छैटौंबाट फायल बढुवा |
| २ | सातौँ | रमेश श्रेष्ठ | २०७८/०४/२३ | २०७८/०४/२५ | छैटौंबाट फायल बढुवा |
| ३ | छैटौं | शत्यनारायण श्रेष्ठ | २०७८/०४/२३ | २०७८/०५/०१ | आन्तरिक प्रतिस्पर्धाबाट बढुवा |
| ४ | पाचौं | सुनिता मानन्धर | २०७८/०४/२३ | २०७८/०५/०१ | आन्तरिक प्रतिस्पर्धाबाट बढुवा |
| ५ | चौथो | सुमित्रा रोक्का मिजार | २०७८/०४/२३ | २०७८/०५/०१ | आन्तरिक प्रतिस्पर्धाबाट बढुवा |
| ६ | चौथो | नविना श्रेष्ठ | २०७८/०४/२३ | २०७८/०५/०१ | आन्तरिक प्रतिस्पर्धाबाट बढुवा |
| ७ | तृतिय | प्रमोद श्रेष्ठ | २०७८/०८/११ | २०७८/०९/०१ | नयाँ नियुक्ति |
| ८ | तृतिय | रोमानिशा बादे | २०७८/०८/११ | २०७८/०९/०१ | नयाँ नियुक्ति |
| ९ | तृतिय | निकेश सैंजु | २०७८/०८/११ | २०७८/०९/०१ | नयाँ नियुक्ति |
| १० | तृतिय | राजेन्द्र श्रेष्ठ | २०७८/०८/११ | २०७८/०९/१६ | बैकल्पिक उम्मेद्वार नियुक्त |
| १२ | दशौं | झलेन्द्र प्र. दाहाल | २०७८/१०/०८ | २०७८/११/०१ | प्र.का.अ. का रूपमा नियुक्त |

**कर्मचारी राजिनामा :** आव २०७८/०७९ मा निम्न २ जना कर्मचारीले राजिनामा दिनु भएको थियो।

१) सहायक तृतीय तहमा कार्यरत कर्मचारी सरिता श्रेष्ठले मिति २०७८ माघ १४ गते देखि।

२) बरिष्ठ सहायक तहमा कार्यरत शान्ती कैटीले मिति २०७८ मंसिर १ गते देखि।

ज) **ऋण लगानी** : संस्थाले आव २०७८/०७९ को अन्त्य सम्ममा लगानीमा रहेको ऋण निम्नानुसार रहेको छ।

| क्र.सं. | लगानी भएको समुह | लगानीमा रहेको ऋण |
|---|---|---|
| १ | सञ्चालक समितितर्फ | रू.१२,४९,६९९।८८ |
| २ | लेखा सुपरिवेक्षण समितितर्फ | रू.८१,६८,२१७।८७ |
| ३ | उपसमितिहरूतर्फ | रू.२०,२६,०१२।८१ |
| ४ | कर्मचारीतर्फ | रू.१,४३,५१,४१९।१२ |
| ५ | अन्य शेयर सदस्यहरूतर्फ | रू.८९,५०,३१,४१४।४७ |
|  | जम्मा ऋण लगानी | रू.९२,०८,२६,७६४।१५ |

झ) **प्रकाशन** : संस्थाले आव २०७८/०७९ मा निम्नानुसार प्रकाशन सम्बन्धी कार्य सम्पन्न गरेको छ।

१) आव २०७७/०७८ को वार्षिक प्रतिवेदन

२) वि.सं. २०७९ को भित्तेपात्रो प्रकाशन

ञ) **संस्थाबाट सम्पन्न भएका सामाजिक कार्यक्रमहरू** : आदरणीय शेयर सदस्यज्यूहरू संस्थाले आव २०७८/०७९ मा निम्नानुसारका सामाजिक कार्यक्रमहरू सम्पन्न गरेको छ।

१) मिति २०७८ आश्वीन २२ गते र २०७८ फाल्गुण १३ गते ब्लड डोनर्स एसोसिएसन काभ्रे शाखाको समन्वय र नेपाल रेडक्रस सोसाइटी काभ्रेको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रम क्रमश ३६ जना र ३९ जना गरी जम्मा ७५ जना रक्तदाता महानुभावहरूले रक्तदान गर्नु भएको थियो।

२) मिति २०७८ फाल्गुण २४ गते पनौती आधारभूत पाठशालामा समुदाय भेटघाट कार्यक्रम गरिएको थियो जसमा ५७ जनाको सहभागिता रहेको थियो।

३) मिति २०७८ चैत्र १८ गते नगर स्वास्थ्य केन्द्र बनेपा ९ मा आँखा शिविर कार्यक्रम गरिएको थियो जसमा २२४ जनाको सहभागीता रहेको थियो जसमध्ये १३२ जना महिला र ९२ जना पूरूष सहभागिले सेवा लिनु भएको थियो। उक्त कार्यक्रममा ६४ जनालाई चस्मा वितरण गरिएको थियो भने २१ जनालाई अपरेसन गर्न सिफारिस गरिएको थियो।

४) मिति २०७९ बैशाख ११ गते संस्थाको कार्यालयमा ३ दिने लप्सी क्याण्डी परिकार बनाउने सीपमूलक तालिम आयोजना गरिएको थियो जसमा २९ जना महिला सदस्यहरूको सहभागिता रहेको थियो।

५) मिति २०७९ जेष्ठ ११ गते मंगलबार बनेपा-४, नाला भगवती स्थानमा सुप्रिम डेन्टल केयरको प्राविधिक सहयोगमा एक दिने निःशुल्क दन्त शिविर कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा जेष्ठ नागरिक, स्कुलका विद्यार्थीहरू, महिला, पुरुष गरेर जम्मा ४० जनाले सुविधा लिनु भएको थियो।

ट) **संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण** : संस्थाको २९औं साधारण सभाको निर्णयानुसार संरक्षित पूँजी फिर्ता कोषमा छुट्याइएको रकम रू.३४,२६,५६१।०१ मध्ये बचत कारोवारको आधारमा ४० प्रतिशत छुट्ट्याउँदा हुन आउने रू.१३,७०,६२४।४० मा योग्यता पुगेका शेयर सदस्य ५३५२ जनालाई रू.११,४१,८५२।२१ वितरण गरेको र १३५ जना अयोग्य शेयर सदस्यको रू.२,२८,७७२।१९ जगेडा कोषमा रकमान्तर गरिएको त्यस्तै ऋण कारोवारका आधारमा ६० प्रतिशत रकम २१,७५,७४९।६१ मध्ये योग्य ऋणी सदस्यहरू ४५८ जनालाई रू.१२,५०,८११।४० वितरण गरी अयोग्य २६८ जना ऋणी सदस्यको जम्मा रकम रू.८०५१२५।२१ जगेडा कोषमा रकमान्तर गरिएको जानकारी दिन चाहन्छु।

## २. आव २०७९/८० का प्रस्तावित कार्यक्रमहरू

आदरणीय शेयर सदस्यज्यूहरू! संस्थाले आफ्नो व्यवसायिक क्षमता अभिवृद्धि गर्दै संस्थालाई समुदायमा अब्बल बनाउन आव २०७९/०८० मा निम्न कार्यक्रमहरू गर्ने भएकाले उल्लिखित कार्यक्रमहरू स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

### क) आव २०७९/०८० को प्रस्तावित वार्षिक व्यवसायिक योजना

| क्र.सं. | वार्षिक कार्यक्रम | आर्थिक वर्ष |
|---|---|---|
| **१** | **सदस्य थप** | **२०७९/०८०** |
| क | शेयर सदस्य थप | १२०० |
| ख | बाल सदस्य थप | १२० |
| **२** | **सुशासन** | **२०७९/०८०** |
| क | नीति तथा कार्यविधि निर्माण | आवश्यकता अनुसार |
| ख | निती तथा कार्यविधि संशोधन | आवश्यकता अनुसार |
| ग | स्थापना दिवस कार्यक्रम | १ |

| क.सं. | वार्षिक कार्यक्रम | आर्थिक वर्ष |
|---|---|---|
| **३** | **तालिम तथा गोष्ठी** | **२०७९/०८०** |
| क | आन्तरिक तालिम तथा गोष्ठी | ४ |
| ख | योजना समीक्षा गोष्ठी (त्रैमासिक) | ४ |
| ग | सदस्य सीपमूलक तालिम | ४ |
| घ | बाह्य तालिम तथा गोष्ठीमा सहभागी | ५ |
| **४** | **समुदाय आधारित कार्यक्रम** | **२०७९/०८०** |
| क | स्वास्थ्य शिविर | २ |
| ख | रक्तदान शिविर | २ |
| ग | जनचेतना मुलक कार्यक्रम | १ |
| घ | सामुदायिक विद्यालय छात्रावृत्ति | १ |
| **५** | **युवा परिचालन कार्यक्रम** | **२०७९/०८०** |
| क | युवा क्लव गठन | १ |
| ख | खेलकुद कार्यक्रम | १ |
| **६** | **सदस्य शिक्षा तथा समुदाय भेटघाट** | **२०७९/०८०** |
| क | सदस्य शिक्षा तथा साक्षरता कार्यक्रम | २४ |
| ख | समुदाय भेटघाट कार्यक्रम | २४ |
| **७** | **भ्रमण** | **२०७९/०८०** |
| क | अवलोकन भ्रमण | १ |
| ख | ज्येष्ठ नागरिक तीर्थाटन (६० देखि ७५ वर्ष मुनि) | १ |
| ग | अन्तर्राष्ट्रिय भ्रमण | आवश्यकता अनुसार |
| **८** | **सम्मान तथा पुरस्कार** | **२०७९/०८०** |
| क | सम्मान | नीति अनुसार |
| ख | पुरस्कार | नीति अनुसार |
| ग | बाल सदस्य जन्मोत्सव कार्यक्रम | निरन्तर |
| घ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम (७५ वर्ष माथि) | २ पटक (माता तिर्थ औंसी र कुशे औंसीमा) |
| **९** | **सेवाकेन्द्र थप** | **२०७९/०८०** |
| क | सेवाकेन्द्र थप | ३ वटा |
| **१०** | **मानव संशाधन व्यवस्थापन** | **२०७९/०८०** |
| क | पदपूर्ति | ६ जना |
| **१२** | **भौतिक पुर्वाधार विकास** | **२०७९/०८०** |
| क | कम्प्युटर नयाँ खरिद | आवश्यकता अनुसार |
| ख | प्रिन्टर नयाँ खरिद | आवश्यकता अनुसार |
| ग | स्क्यानर खरिद | आवश्यकता अनुसार |
| घ | जग्गा खरिद | आवश्यकता अनुसार |
| ङ | नयाँ फर्निचर (टेवल, कुर्सि र काउन्टर) | आवश्यकता अनुसार |
| च | भल्ट खरिद | ३ वटा |

| क्र.सं. | वार्षिक कार्यक्रम | आर्थिक वर्ष |
|---|---|---|
| **१३** | **प्रकाशन** | |
| क | वार्षिक प्रतिवेदन | ५००० थान |
| ख | इबुलेटिन | एउटा निर्माण गरी निरन्तर अध्यावधिक गर्ने |
| ग | फ्लायर र ब्रोसर | आवश्यकता अनुसार |
| घ | क्यालेन्डर | ६००० थान |

ख) **जग्गा खरिद सम्बन्धमा** : संस्थाको कारोवार र सदस्य सङ्ख्या बढ्दै जाँदा हाल कार्यालय रहेको भवनबाट संस्थाको कारोवार गर्न असहज हुने देखिएकाले संस्थाको हाल कार्यालय रहेको स्थान आसपासमा कार्यालय प्रयोजनको लागि भवन बनाउन जग्गा खरिद गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

ग) **सेवा केन्द्र सञ्चालन सम्बन्धमा** : संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्ला भर नै रहेता पनि हाल संस्थाको कार्यालय रहेको स्थानबाट मात्र जिल्लाभर नै सेवा दिन नसकिने भएकाले निम्न स्थानमा संस्थाको सेवा केन्द्र खोल्ने प्रस्ताव स्वीकृत गरिदिनु हुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

१) बनेपा - ४, नाला बजार
२) पनौती - ७, पनौती बजार
३) नमोवुद्ध - २, भकुण्डे बजार
४) पाँचखाल - ४, पाँचखाल बजार
५) धुलिखेल - ७, धुलिखेल बजार

साथै यस साधारण सभाबाट निर्णय भए पश्चात आवश्यक प्रक्रिया पूरा गरी प्रदेश सहकारी विभागबाट सेवा केन्द्र सञ्चालन सम्बन्धि स्वीकृति प्राप्त भए पश्चात उल्लिखित स्थानमा सेवा केन्द्र खोली सदस्यहरूलाई सेवा प्रवाह गराइने व्यहोरा यस सम्मानित हल समक्ष जानकारी गराउँदछु ।

घ) **संस्था एकीकरण सम्बन्धमा** : संस्थाको कार्यक्षेत्र भित्र वा कार्यक्षेत्र जोडिएर सञ्चालनमा आएका कुनै पनि विषयका सहकारी संस्थाहरू यस संस्थासँग एकीकरण हुन चाहेमा एकीकरण गर्ने प्रक्रिया अगाडि बढाइ एकीकरण गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

ङ) **स्थिर सम्पत्ति तथा लिलामबाट प्राप्त सम्पत्ति बिक्री गर्ने सम्बन्धमा** : आगामी वर्ष संस्थामा उपयोग भई भविष्यमा उपयोग गर्न नसकिने अवस्थामा पुगेका भौतिक सम्पत्ति तथा धितो लिलामबाट कुनै सम्पत्ति प्राप्त भएमा बिक्री गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

च) **योगदानमा आधारित सदस्य सुरक्षा कार्यक्रम सम्बन्धमा** : भनिन्छ सहकारी मानिसको जीवनमा जन्मदेखि मृत्युसम्म नै साथमा रहनु पर्दछ । सोही भावनालाई दृष्टिगत गरी यस संस्थामा आवद्ध शेयर सदस्यहरूको जीवनमा आई पर्ने विभिन्न घट्नामा सहकारीको साथ रहोस् भन्ने अभिप्रायले विगतका वर्षहरूमा सदस्यज्यूहरूको वार्षिक रू.१०० को योगदान रहने रहने गरी बनाइएको योजनालाई प्रतिस्थापन गरी आव २०७९/०८० देखि लागु हुने गरी सदस्यता कायम रहुन्जेल सम्मका लागि एकमुष्ठ एक पटक योगदान गरे पुग्ने गरी बनाइएको सदस्य राहत कार्यक्रमको योजना स्वीकृतिका लागि सम्मानित सभा समक्ष अनुरोध गर्दछु । योगदानमा आधारित सदस्य सुरक्षा योजनामा भाग लिन सदस्यहरूले तल उल्लेखित रकम सदस्य राहत बचत खातामा जम्मा गनु पर्नेछ र उक्त रकम मनासिव कारणले सदस्यता त्याग गर्दा सदस्यलाई नै फिर्ता दिइने छ । सदस्य सुरक्षा योजनामा भाग लिने सदस्यहरूलाई निम्नानुसारको राहत उपलब्ध गराइने व्यहोरा पनि अनुरोध छ ।

| क्र.सं. | राहत कार्यक्रम शीर्षक | जम्मा गर्नु पर्ने बचत रकम रू. | | |
|---|---|---|---|---|
| | | ३००० | ४००० | ५००० |
| | | राहत रकम रू. | राहत रकम रू. | राहत रकम रू. |
| १ | प्राकृतिक मृत्यु राहत | १८,००० | २४,००० | ३०,००० |
| २ | घातक रोग उपचार खर्च | २१,००० | २८,००० | ३५,००० |
| ३ | सवारी दुर्घटना उपचार खर्च | ७,५०० | १०,००० | १२,५०० |
| ४ | आगलागिबाट क्षति भए वापत राहत | ७,५०० | १०,००० | १२,५०० |
| ५ | चट्याङबाट क्षेति भए वापत राहत | ७,५०० | १०,००० | १२,५०० |
| ६ | महिला सदस्य प्रसुती पौष्टिक आहार | १,५०० | २,००० | २,५०० |
| ७ | दुर्घटना मृत्यु राहत | ६०,००० | ८०,००० | १,००,००० |
| ८ | महिला सदस्यको तल्लो पेटको अपरेसन | ७,५०० | १०,००० | १२,५०० |

छ) **रणनीतिक योजना स्वीकृत सम्बन्धमा** : संस्थाले दीर्घकालमा के कस्ता लक्ष्य हासिल गर्ने भन्ने विषयमा तयार पारी संस्थाको सञ्चालक समितिको मिति २०७९ जेष्ठ १५ गते स्वीकृत गरेको निम्नानुसारको संस्थाको दोश्रो चार वर्षिय रणनीतिक योजना स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु। संस्थाले यस रणनीतिक योजनामा योजनाको अन्त्य सम्ममा निर्धारित लक्ष्य हासिल गर्न तयार गरेको निम्नानुसारका १७ वटा मूल रणनीति स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

१) संरचनागत विकास
२) सेवाकेन्द्र थप तथा स्तरोन्नती
३) सदस्य वृद्धि रणनीति
४) शेयर पुँजी वृद्धि रणनीति
५) बचत वृद्धि रणनीति
६) ऋण लगानी वृद्धि रणनीति
७) भाखा नाघेको ऋण न्यूनीकरण रणनीति
८) संस्थागत कोष वृद्धि रणनीति
९) सञ्चालन खर्च न्यूनीकरण रणनीति
१०) कृषि आधुनिकीकरण सहकार्य रणनीति
११) आन्तरिक सुशासन सुदृढीकरण रणनीति
१२) सञ्चालक क्षमता विकास रणनीति
१३) मानव संशाधन वृद्धि र विकास रणनीति
१४) भौतिक पूर्वाधार र प्रविधि विकास रणनीति
१५) समुदाय सम्बन्ध विकास रणनीति
१६) सदस्य स्थायित्व रणनीति
१७) नाफा वृद्धि रणनीति

संस्थाले यस रणनीतिक योजनाको अन्त्य सम्ममा संस्थाका उपलब्ध श्रोत र साधनहरूको उच्चतम् उपयोग गर्दै र संस्थाका कमजोर पक्षहरूलाई सुधार गर्दै संस्थाको वित्तीय तथा सदस्य अवस्था निम्नानुसार पुऱ्याउने लक्ष्य राखिएको छ।

१) **संस्थाको चार वर्षीय रणनीतिक वित्तीय लक्ष्य** (आव २०७९/०८० – २०८२/०८३)

**वासलात**

| पूँजी तथा दायित्व | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| शेयर पूँजी | १३३५७५३००।०० | १५५१२८१००।०० | १७७७७४४००।०० | २०७९६०५००।०० |
| साधारण कोष हिसाव | १२६८९६५५१।३९ | १४९३९६८९६।१६ | १७७७४३९९९।५ | २०७९६०४७९।५ |
| अन्य कोष | ७०१२७०४१।५६ | ८०४४४४८२।५५ | ९३३१५५९९।७६ | १०९१७९२५१।७ |
| बचत तथा निक्षेप | ९७५०९९८३३।२३ | १११६६६०८६२।२० | १२९३०५७१९६।१७ | १५१२९१२४६८ |
| अन्य दायित्व | २६७१५०६३।४५ | ३०६४५५१७।१६ | ३५५४८७९९।९१ | ४१५९२०९५।८९ |

| पूंजी तथा दायित्व | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| **जम्मा पूंजी तथा दायित्व** | **१३३२४१३७८९।६३** | **१५३२२७५८५८।०८** | **१७७७४३९९९५।३७** | **२०७९६०४७९४।५८** |
| **सम्पत्ति तथा जायदात** | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** |
| नगद तथा बैङ्क | १८६५३१०३३।९७ | २२२०१०६८९।०७ | २५७७२८७९९।३३ | ३०१५४२६९५।२ |
| वित्तीय लगानी | ३८६४६८९६।४८ | ३६८१४८२७।५२ | ४११०५१९९।९२ | ४९५१२४९१।१ |
| ऋण लागानी | १०३९२८२७५६ | १२०१३०४२७२।७३ | १३९३५१२९५६।३७ | १६३२४८९७६३।७५ |
| पाउनुर्पे हिसाव | ७२४५६८९।४८ | १०६४५५१७।१६ | १५५४८७९९।९१ | २१५९२०९५।८९ |
| स्थिर सम्पत्ति | ५९३७५०००।०० | ५९९६८२७५।७४ | ६७७६६७९९।८५ | ७२३८८१४३।८४ |
| अन्य सम्पत्ती | १३३२४१३।७९ | १५३२२७५।८६ | १७७७४४०।०० | २०७९६०४।७९५ |
| **जम्मा सम्पत्ति तथा जायदात** | **१३३२४१३७८९।६३** | **१५३२२७५८५८।०८** | **१७७७४३९९९५।३७** | **२०७९६०४७९४।५८** |

**आय व्यय विवरण**

| विवरण | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| व्याज आम्दानी | १३७१४५६२१।५८ | १५१२३९६२४।४३ | १७५१५०१६२।९६ | २०४२५५१८३।६१ |
| व्याज खर्च | ७२६९८२३०।०४ | ८३६७०४२७।८२ | ९६३८८७२२।३३ | ११२२३८७८६।५५ |
| **खुद व्याज आम्दानी** | ६४४४७३९१।५४ | **६७५६९१९६।६२** | **७८७६१४४०।६३** | **९२०१६३९७।०६** |
| अन्य आम्दानी | २०६३३८९२।२० | २६४५००८६।१८ | ३००४१४८७।९० | ३६२४७२२९।६४ |
| **जम्मा सञ्चालन आम्दानी** | ८५०८१२८३।७४ | **९४०१९२८२।७९** | **१०८८०२९२८।५३** | **१२८२६३६२६।७०** |
| सञ्चालन खर्च | ३०९२४५०२।९० | ३५८०८६२०।६० | ४१३७१४४८।१७ | ४८२१३०५९।८७ |
| **कर्मचारी बोनस अधिको आम्दानी** | ५४१५६७८०।८४ | **५८२१०६६२।२०** | **६७४३१४८०।३६** | **८००५०५६६।८३** |

२) **संस्थाको चार वर्षिय रणनीतिक सदस्य विस्तार लक्ष्य** (आव २०७९/०८० – २०८२/०८३)

| सदस्य विवरण | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|---|
| **जम्मा** | **९३३३** | **१०७३३** | **१२३३३** | **१४१८३** |

संस्थाको माथि प्रस्तावित चार वर्षीय रणनीतिक योजनामाथि गहन छलफल गरी उपयुक्त सुझावका साथ स्वीकृत गरिदिनुहुन साथै कार्यन्यनको चरणमा आवश्यक साथ र सहयोग गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

(ज) **विनियम संशोधन सम्बन्धमा** : सङ्घीय सहकारी ऐन २०७४, नियमावली २०७५ तथा बागमती प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६ र सहकारी सङ्घसंस्था दर्ता सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड २०७७ मा भएका विषयहरूसँग मेल खाने गरी संस्थाको विनियम २०५० को संशोधित विनियम २०५९ मा भएका देहायका व्यवस्थाहरू देहायबमोजिम संशोधन गर्ने प्रस्ताव स्वीकृत गरिदिनुहुन अनुरोध गर्दछु। साथै गत साधारण सभाबाट स्वीकृत संशोधित विनियम बागमती प्रदेश सहकारी विभागबाट स्वीकृत भई नसकेकोले पुनः स्वीकृतिको लागि सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

| क्र.सं. | दफा वा उपदफा | साविकको व्यहोरा | संशोधित व्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा ४ को उपदफा ११ संशोधन | ११. "ऐन" भन्नाले सहकारी ऐन २०४८ सम्झनु पर्दछ। | ११. "ऐन" भन्नाले सहकारी ऐन २०७४ सम्झनु पर्दछ | सहकारी ऐन २०४८ खारेज भै सहकारी ऐन २०७४ लागु भै सकेकोले संशोधन गरिएको |
| २ | दफा ४ को उपदफा १२ संशोधन | १२. "नियम" भन्नाले सहकारी नियमाली २०४९ सम्झनु पर्दछ। | १२ "नियमावली" भन्नाले सहकारी नियमाली २०७५ सम्झनु पर्दछ। | सहकारी नियमावली २०४९ खारेज भै सहकारी ऐन २०७५ लागु भै सकेकोले संशोधन गरिएको |
| ३ | दफा ८ को उपदफा १ संशोधन | १. १६ बर्ष उमेर पुगेको । | १. १८ बर्ष उमेर पुगेको । | मुलुक देवानी संहिता २०७४ दफा ३२ को उपदफा (१) ले १८ बर्ष पूरा भएको ब्यक्तिलाई बालिक कायम गरेकोले संशोधन गरिएको। |
| ४ | दफा १४ को उपदफा ४ संशोधन | ४. संस्थाले सङ्कलिन पुँजीको आधारमा उपरोक्तानुसार कुल शेयर पुँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी डिभिजन सहकारी कार्यालयको स्वीकृति लिई पुँजी बृद्धि गर्दै लान सक्नेछ। | ४. संस्थाले सङ्कलित पुँजीको आधारमा उपरोक्तानुसार कुल शेयर पुँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी सम्बन्धित रजिष्टार वा रजिष्टारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिई पुँजी बृद्धि गर्दै लाने सक्नेछ। | डिभिजन सहकारी कार्यालय स्थानिय निकायमा स्थानान्तरण भएकोले संशोधन गरिएको। |
| ५ | दफा १६ संशोधन | **१६.शेयरको हस्तान्तरण वा वा फिर्ता :-** सदस्यले शेयर बापतको रकम संस्थाको बिघटन भएपछि मात्र फिर्ता पाउन सक्ने छन्। तर बिनियमको अधिनमा रही शेयरको हस्तान्तरण भने गर्न सक्नेछन्। | **१६.शेयर फिर्ता :-** सदस्यले सदस्यता त्यागी शेयर रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरी, गराई भुक्तान गरेको मितिले ३ महिना भित्र निजको शेयर बापतको बाँकी रकम तोकिए बमोजिम फिर्ता गर्न सकिनेछ। | सहकारी ऐन २०७४ को दफा ६४ को उपदफा (१) बमोजिम हुनु पर्ने भएकोले संशोधन गरिएको। |

| क्र.सं. | दफा वा उपदफा | साविकको व्यहोरा | संशोधित व्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ६ | दफा २० को उपदफा ६ संशोधन | ६.साधारण सभाका निर्णयहरू प्रमाणित गर्नको लागि साधारण सदस्यहरूबाट २ जनाको प्रतिनिधि छनौट गरिने छ। | ६.साधारण सभाका निर्णयहरू प्रमाणित गर्नको लागि साधारण सदस्यहरूबाट सञ्चालक समितिका पदाधिकारीहरूको संख्या भन्दा एकजना बढी हुने गरी प्रतिनिधि छनौट गरिने छ। | सहकारी ऐन २०७४ अनुसार मेल खाने गरी संशोधन गर्नुपर्ने भएकाले। |
| ७ | दफा २३ संशोधन | संचालक समिति-१) संस्थामा ११ जनाको संचालक समिति रहने छ । जसमा संस्थापक , सह संस्थापक र साधारण सदस्यहरू मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरूप हुनेछ । जस्मा एक जना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिब, एकजना कोषाध्यक्ष, एकजना सह-सचिब, एकजना सह-कोषाध्यक्ष र ५ जना सदस्यहरू रहनेछन् । | सञ्चालक समिति-१) संस्थामा ११ जनाको सञ्चालक समिति रहने छ । जसमा साधारण सदस्यहरू मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरूप हुनेछ। जसमा एक जना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिब, एकजना कोषाध्यक्ष, एकजना सह-सचिब र ६ जना सदस्यहरू रहनेछन् । | सञ्चालक समितिमा पदाधिकारीहरूको संख्या भन्दा सदस्यहरूको संख्या बढी हुनु पर्ने भएकोले |
| ८ | दफा २४ उपदफा १ संशोधन तथा थप | २४. **सञ्चालक कार्यकाल :** १) सञ्चालकहरूको पदावघि ५ बर्ष हुने छ, तर यिनीहरू समितिमा पुनः निर्वाचित हुन सक्नेछन् । सञ्चालक पदमा कुनै कारणबाट रिक्त भएमा सो पदको पूर्ति संस्थापक, सहसंस्थापक र साधारण सदस्यहरू मध्येबाट बाँकी अवधिको लागि सञ्चालक समितिले सहबरण गर्नेछ। | २४. **सञ्चालक कार्यकाल :** १) सञ्चालकहरूको पदावघि ४ बर्ष हुनेछ, तर एकै व्यक्ति एकै पदमा लगातार २(दुई) कार्यकाल भन्दा बढी निर्वाचित हुन सक्नेछैन । सञ्चालक पदमा कुनै कारणबाट रिक्त भएमा सो पदको पूर्ति बाँकी कार्यकालको लागि उप-निर्वाचनद्धारा गरिने छ। | सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा (७) को खण्ड (क) मा संचालक समितिको कार्यावधि ४ बर्ष कायम गरिएकोले संशोधन गरिएको र सञ्चालक पद कुनै कारणवश रिक्त भएमा बाँकी कार्यकालको लागि उप-निर्वाचनद्धारा पदपूर्ति गर्नु पर्ने भएकोले थप गरिएको। |

| क्र.सं. | दफा वा उपदफा | साविकको व्यहोरा | संशोधित व्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ९ | दफा २८ को उपदफा (४) संशोधन | ४. बिनियम ८ को खण्डन छ बमोजिम सदस्यता समाप्त भएमा । | ४. बिनियमको दफा ८ बमोजिम सदस्यको लागि योग्यता नपुगेमा । | संस्थाको सदस्य हुन योग्यता नपुगेमा सञ्चालकको पदमा पनि बहाल रहन नसक्ने भएकोले संशोधन गरिएको । |
| १० | दफा २८ को उपदफा ५ संशोधन | ५.समितिको कुनै सदस्य सोहि संस्थाको कर्मचारी भई काम गरेमा । | ५.समितिको कुनै सदस्य सोहि वा अर्को संस्थाको कर्मचारी भई काम गरेमा । | अर्को सहकारी संस्थाको कर्मचारी पनि सञ्चालक पदमा बहाल रहन नसक्ने भएकोले संशोधन गरिएको । |
| ११ | दफा २८ को उपदफा ५ पछि थप | नभएको | ६.साधारण सभाको बहुमतको निर्णयबाट सञ्चालक पदबाट हटाउने निर्णय गरेमा ।<br>७. अर्को सहकारी संस्थामा सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा । | सहकारी ऐन २०७४ को दफा ४४ मा भएको ब्यबस्था बमोजिम पदावधि समाप्त हुने ब्यबस्थामा थप गरिएको । |
| १२ | दफा २९ को उपदफा २० पछि थप । | नभएको | २१.सहकारीका मुल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने ।<br>२२.बिशेष साधारण सभा बोलाउने ।<br>२३.शेयर सदस्यता खारेजी तथा फिर्ता सम्बन्धि कार्य गर्ने ।<br>२४.आन्तरिक नीति तथा कार्यबिधि तयार गरी लागु गर्ने ।<br>२५.संस्थाको कार्यक्षेत्रभित्र रही संस्थाको कारोबार र ब्यबसायको हित प्रबर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने । | सहकारी ऐन २०७४ को दफा ४३ मा भएको ब्यबस्था बमोजिम संचालक समितिको काम,कर्तब्य र अधिकारमा थप गरिएको । |

| क्र.सं. | दफा वा उपदफा | साविकको व्यहोरा | संशोधित व्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | **जम्मा खर्च** | **४०,१०,९४०।०३** | |

इ) **समिति तथा उपसमिति खर्च** : संस्था सञ्चालनमा सञ्चालकीय भूमिकालाई प्रभावकारी बनाउन र सञ्चालकले संस्थाको लागि दिएको समयको उचित मूल्याङ्कन गर्न कुल चालु बजेटको ६ प्रतिशत रकम यस शीर्षक अन्तर्गत बजेट छुट्याइएको छ। यस बजेट शीर्षक अन्तर्गत कुल रू. १८,५५,४७०।१७ (अक्षरूपी अठार लाख पचपन्न हजार चार सय सत्तरी रूपैया सत्र पैशा मात्र) को सीमाभित्र रही बजेट बिनियोजन गरिएको छ। आव २०७९/०८० का लागि चालु आवको आधारमा २५ प्रतिशतले बैठक भत्ता वृद्धि गर्ने प्रस्ताव पेश गरिएको छ। यस शीर्षक अन्तर्गत निम्न उपशीर्षकमा खर्च गरिनेछ। यस अगाडि सञ्चालक समिति र लेखा समितिमा ऋण लगानी गर्दा दिँदै आएको ०।५ प्रतिशतको सेवा शुल्क छुट खारेज गरिएको छ।

| क्र.सं. | खर्च शीर्षक | प्रस्तावित भत्ता दर | सहभागि | बैठक सङ्ख्या | वार्षिक खर्च |
|---|---|---|---|---|---|
| १ | सञ्चालक समिति बैठक भत्ता | २५०० | ११ | १८ | ४९५००० |
| २ | लेखा सुपरिवेक्षण समिति बैठक भत्ता | २५०० | ३ | १२ | ९०००० |
| ३ | विषयगत उपसमिति तथा बैठक भत्ता | १००० | ३५ | ६ | २१०००० |
| ४ | ऋण उपसमिति बैठक भत्ता | १००० | ३ | ५२ | १५६००० |
| ५ | कार्यदल बैठक भत्ता | १००० | ६ | ४ | २४,००० |
| ६ | बैठक पूर्वतयारी बैठक भत्ता | १००० | ५ | १२ | ६०,००० |
| ६ | सञ्चालक तथा लेखा समिति इन्टरनेट सुविधा | २०००० | वार्षिक | १४ | २८०००० |
| ७ | क्यान्टिन तथा खाजा | ७०० | १४ | १८ | १७६४०० |
| ८ | भ्रमण भत्ता | | | | १५०००० |
| ९ | समिति उपसमिति पोशाक खर्च | | | | २१४००० |
| | जम्मा | | | | १८५५४०० |

ई) **साधारण सभा तथा स्थापना दिवस खर्च** : संस्थामा सुशासन कायम राख्न नियमित रूपमा ऐनको व्यवस्था अनुसार आव समाप्त भएको छ महिना भित्रमा वार्षिक साधारण सभा सम्पन्न गर्नु पर्ने कानुनी प्रावधान रहेको र संस्थाको इतिहास स्मरणमा राखि राख्न संस्थाको स्थापना दिवस पनि मनाउनु पर्ने भएकाले यस शीर्षक अन्तर्गत कुल चालु बजेटको १५ प्रतिशतको सीमाभित्र रही बजेट विनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत आव २०७९/०८० को लागि कुल रू.४६,३८,६७५।४४ (अक्षरूपी छ्यालिस लाख अठ्तिस हजार छ सय पचहत्तर रूपैया चौवालिस पैशा मात्र) को सीमाभित्र रही बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गतका निम्न उपशीर्षकमा खर्च हुनेगरी बजेट बिनियोजन गरिएको छ।

| क्र.सं. | खर्च शीर्षक | परिमाण | कुल खर्च |
|---|---|---|---|
| १ | प्रतिवेदन छपाई खर्च | ५,००० | ५,००,००० |
| २ | सदस्य साधारण सभा बैठक भत्ता | ७,००० | ३५,००,००० |
| ३ | मञ्च तथा हल व्यवस्थापन र सजावट | | २,००,००० |
| ४ | प्रचार प्रसार खर्च | | १,००,००० |

| क्र.सं. | खर्च शीर्षक | परिमाण | कुल खर्च |
|---|---|---|---|
| ५ | अतिथि खर्च | | ५०,००० |
| ६ | खाजा तथा क्यान्टिन खर्च | | १,००,००० |
| ७ | स्थापना दिवस खर्च | | १,५०,००० |
| ८ | अन्य खर्च | | ३८,६७५ |
| ९ | **जम्मा खर्च** | | **४६,३८,६७५** |

उ) **घरभाडा तथा ह्रास कट्टी खर्च** : संस्थाको आगामी आ.व. २०७९/०८० मा थप तिन स्थानमा नयाँ सेवाकेन्द्र स्थापना गरी सदस्यहरूमा सेवा विस्तार गर्न वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको हुँदा ती थप तिन सेवाकेन्द्र स्थापना गर्दा लाग्न सक्ने घरभाडा समेत समावेश गरी यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। संस्था सञ्चालनमा क्रममा हाल प्रयोगमा आएका स्थिर सम्पत्ति र आगामी आवमा थप गर्ने प्रस्तावित सम्पत्ति सामान समेतको ह्रास कट्टी खर्च पनि यसै शीर्षक अन्तर्गत खर्च गर्ने गरी बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत कुल चालु बजेट सिमाको ७ प्रतिशत नबढ्ने गरी बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत कुल रू.२१,६४,७१५।२० (अक्षरूपी एक्काइस लाख चौसठ्ठी हजार सातसय पन्ध्र रूपैया विस पैशा मात्र) बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत खर्च हुने अन्य सहायक शीर्षकहरू निम्नानुसार रहेको छ।

| क्र.सं. | खर्च शीर्षक | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | घरभाडा नाला सेवा केन्द्र तथा सुरक्षा गार्ड कोठा | २,०८,०००।०० | |
| २ | घरभाडा प्रस्तावित २ सेवाकेन्द्र | ५,००,०००।०० | |
| ३ | ह्रासकट्टी खर्च | १४,५६,७१५।२० | |
| | **जम्मा** | **२१६४७१५।२०** | |

ऊ) **अन्य कार्यक्रम तालिम तथा गोष्ठी सम्बन्धी खर्च** : संस्थाको व्यावसायिक क्षमता अभिवृद्धि गर्न र मानव संशाधनको विकास गर्न र संस्था र समुदाय विचको सम्वन्ध घनिष्ठ बनाउन यस शीर्षक अन्तर्गत कुल चालु बजेटको १० प्रतिशतको सिमा नबढ्ने गरी बजेट विनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत कुल रू.३०,९२,४५०।२९ (अक्षरूपी तिस लाख बयानब्बे हाजार चारसय पचास रूपैया उनन्तिस पैशा मात्र) बजेट बिनियोजन गरिएको छ। यस शीर्षक अन्तर्गत निम्न उपशीर्षकमा खर्च गरिने छ।

| क्र.सं. | कार्यक्रम | सङ्ख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरिक तालिम तथा गोष्ठी | ४ | १,००,००० | शिक्षा कोष |
| २ | योजना समीक्षा गोष्ठी | ४ | १,००,००० | विकास कोष |
| ३ | सदस्य सीपमुलक तालिम | ४ | १,६०,००० | शिक्षा कोष |
| ४ | बाह्य तालिम तथा गोष्ठीमा सहभागी | ५ | ७५,००० | शिक्षा कोष |
| ५ | सञ्चालक क्षमता अभिवृद्धि तालिम | १ | ६,५०,००० | शिक्षा कोष |
| ६ | स्वस्थ्य शिविर कार्यक्रम | २ | ६०,००० | समुदाय विकास कोष |
| ७ | रक्तदान कार्यक्रम | २ | ७०,००० | समुदाय विकास कोष |

| क्र.सं. | कार्यक्रम | सङ्ख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| ८ | जनचेतनामूलक कार्यक्रम | १ | ५०,००० | समुदाय विकास कोष |
| ९ | सामुदायिक कार्यक्रम छात्रवृत्ति कार्यक्रम | १ | ६०,००० | समुदाय विकास कोष |
| १० | युवा क्लव गठन | १ | २०,००० | संस्था विकास कोष |
| ११ | खेलकुद कार्यक्रम | १ | ५०,००० | समुदाय विकास कोष |
| १२ | सदस्य शिक्षा तथा साक्षरता कार्यक्रम | २४ | २,५०,००० | शिक्षा कोष |
| १३ | समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम | २४ | १,५०,००० | संस्था विकास कोष |
| १४ | अवलोकन भ्रमण | १ | ४,००,००० | संस्था विकास कोष |
| १५ | जेष्ठ सदस्य तीर्थाटन कार्यक्रम तथा सम्मान | १ | ४,५०,००० | संस्था विकास कोष |
| १६ | अन्तर्राष्ट्रिय भ्रमण | १ | ४,००,००० | संस्था विकास कोष |
| १७ | अन्य सामाजिक उत्तरदायित्व खर्च | | ४६,९६०।२३ | समुदाय विकास कोष |
| | **जम्मा** | | **३०,९२,४५०।२९** | |

यस शीर्षक अन्तर्गत हुने खर्चको सीमा भित्र रही सर्वप्रथम सहकारी शिक्षा कोष, सहकारी विकास कोष र समुदायक विकास कोषबाट खर्च गरिने छ। यदि उक्त कोषको रकमले अपुग भएको खण्डमा भने यस बजेट शीर्षकको सीमा सम्म कुल खर्च हुने गरी यस बजेट उपशीर्षक अन्तर्गत खर्च गरिने छ। यसको लागि माथिको बजेट उपशीर्षक तालिकाको कैफियतमा उल्लेख गरिएको कोषबाट सर्वप्रथम खर्च लेखाङ्कन गरिनेछ यदी उक्त कोषको रकमले निर्धारित सीमा सम्मको खर्च गर्न पनि अपुग भएको खण्डमा भने यसै बजेट शीर्षक अन्तर्गत खर्च गरिनेछ।

ग) **शेयर लाभांश वितरण सम्बन्धमा :** संस्थाले आव २०७८/०७९ को अन्तिम लेखा परीक्षण पश्चात हुन आएको खुद मुनाफाबाट नियमानुसार कर्मचारी बोनस कोष, आयकर ब्यवस्था, जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याइ सके पश्चात बाँकी रहेको नाफालाई शत प्रतिशत मानी सोको ७० प्रतिशत रकमबाट शेयर सदस्यज्यूहरूले गर्नु भएको शेयर लगानीको वार्षिक अनुपातिक रूपमा १५ प्रतिशतका दरले हुन आउने रकममा नियमानुसारको कर कट्टी गरी शेयर लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गरिदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

घ) **संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा :** संस्थाले आव २०७८/०७९ को खुद मुनाफाबाट नियमानुसार संरक्षित पुँजी फिर्ता कोषमा छुट्ट्याइएको रकमको ६० प्रतिशत रकम सदस्यज्यूहरूको ऋण कारोवारको आधारमा र ४० प्रतिशत रकम सदस्यज्यूहरूको बचत कारोवारको आधारमा वितरण गर्ने प्रस्ताव पेश गर्दछु। यस कोषको रकम वितरण गर्दा सहकारी ऐन अनुसार ऋणको साँवा र ब्याज नियमित नतिर्ने र संस्थामा गर्नुपर्ने नियमित बचत नगर्ने सदस्यहरूलाई वितरण गर्न नसकिने भएकाले सम्पूर्ण सदस्यज्यूहरूलाई संस्थामा ऋणको कारोवार र बचतको कारोवार नियमित रूपमा गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

ङ) **साधारण सभा बैठक भत्ता सम्बन्धमा :** शेयर सदस्यज्यूहरू संस्थाको यस ३०औं वार्षिक साधारण सभामा उपस्थित भए वापत साधारण सभा बैठक भत्ता स्वरूप रू.५००/- (अक्षरुपी पाँचसय मात्र) मा नियमानुसारको १५ प्रतिशत कर कट्टी गरी बाँकी रहेको रकम सम्बन्धित शेयर सदस्यज्यूहरूलाई उपलब्ध गराउने प्रस्ताव स्वीकृत गरीदिनुहुन सम्मानित सभा समक्ष अनुरोध गर्दछु।

**आदरणिय शेयर सदस्य महानुभावहरू,**

यस प्रतिवेदन मार्फत मैले प्रस्तुत गरेका आव २०७८/०७९ आर्थिक प्रगति प्रतिवेदन र आव २०७९/०८० को प्रताविवत आर्थिक कार्यक्रम तथा बजेट माथि गहन छलफल गरी आवश्यक सल्लाह सुझाव सहित स्वीकृत गरिदिनुहुन सम्मानित हल समक्ष अनुरोध गर्दछु। अन्त्यमा संस्थाको विकास र प्रगतिमा सहयोग सद्भाव र माया प्रदान गर्नुहुने नियामक निकाय, विशिष्ट महानुभावहरू, छाता सङ्घहरू र सदस्यहरूको सेवामा समर्पित समिति, उप-समितिका सहयात्री साथीहरू, कर्तव्य निष्ट कर्मचारी वर्ग, संस्था प्रति कटिबद्ध सदस्य महानुभावहरू प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै यहाँहरूको अझ बढी सहयोगको अपेक्षा राख्दै यस संस्थाको परिकल्पना (Vision) "**सदस्यहरूको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था**" पूरा हुनेछ भन्दै संस्थाको कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि यहाँहरूको सहयोगको अपेक्षा राख्दै बिदा हुन चाहान्छु।

जय सहकारी ! जय चण्डेश्वरी !!

# ३०औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९



✍ सुरेन्द्र प्रजापति, संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको ३०औं गरिमामय वार्षिक साधारण सभाका सभाध्यक्ष एवम् संस्थाका अध्यक्षज्यू, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी यस कार्यक्रमलाई सभ्य, भब्य र सफल बनाउन पाल्नु भएका प्रमुख अतिथिज्यू, मञ्चमा आसिन अथितिज्यूहरू, सामाजिक, आर्थिक सवलताको लागि सहकारी मूल्य, मान्यता, विधि अनुसार लागि पर्न प्रेरणा र हौसला दिई रहनु हुने स्थानीय, प्रदेश, सङ्घ सहकारी कार्यालय तथा विभिन्न सङ्घ संस्थाबाट पाल्नु भएका अतिथिगण, सहकारी अभियान र समाजमा यसले दिन सक्ने योगदानबारे हरपल जनमानसलाई सुसूचित गर्नुहुने पत्रकार महानुभावहरू, राष्ट्रिय, अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यता तथा सिद्धान्तको दायराभित्र रही सामाजिक, आर्थिक, सांस्कृतिक लक्ष्य प्राप्त गर्न अहोरात्र लागि पर्नुहुने संस्थाका सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, संस्थालाई अघि बढ्न निरन्तर मार्गदर्शन दिनुहुने सल्लाहकारज्यूहरू, संस्थाको कार्यसम्पादनमा प्रभावकारी भूमिका खेल्नुहुने उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थाको चार वर्षे रणनीतिक योजना र वार्षिक लक्ष्य प्राप्त गर्न लगनशील, अनुशासित भई लागि पर्नुहुने संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरू, संस्थाको सहकारी अभियानमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहभागी भई सल्लाह, सुझाव, शुभेच्छा राख्नुहुने शेयर सदस्य महानुभावहरू, यस कार्यक्रमलाई सफल बनाउन प्रेरणा र हौसला प्रदान गर्न पाल्नु भएका महिला तथा सज्जन वृन्दमा सहकारी अभिवादन व्यक्त गर्दछु।

मानव सभ्यताको विकास, आर्थिक, सामाजिक, सांस्कृतिक सवलताबाट हुन्छ भन्दा अत्युक्ति नहोला। यो पक्षहरूको विकास गर्ने मूख्य औजारको रूपमा सहकारी अभियानले भूमिका खेलेको छ। स्वेच्छिक तथा खुल्ला सदस्य, स्वयत्तता तथा स्वतन्त्रता, शिक्षा तालिम सूचना, आपसी सहयोग, समुदायप्रति चासो जस्ता अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यता र सिद्धान्तबाट निर्देशित रहेर राष्ट्रिय सहकारी अभियानमा यस संस्थाले निरन्तर योगदान दिईरहेको यहाँहरू सबैमा विदितै होला।

**"चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्मृद्धि चण्डेश्वरीको साथमा"** भन्ने मूल नारा बोकी हजुरहरूको सम्मृद्धिमा चण्डेश्वरी साकोस सहकारी अभियानकै रूपमा दृढताका साथ लागेको छ। अभियानकै क्रममा यस संस्था एसियाली ऋण महासङ्घ (ACCU) बाट स्तरीयताको लागि प्रदान गरिने Bronze Medal बाट पुरस्कृत भई सकेको कुरा तपाईहरू सबैलाई स्मरण गराउन चाहन्छु। कोभिड १९ लगायत समय समयमा आउने आन्तरिक र वाह्य असरलाई चिर्दै यस संस्था सहकारी अभियानमा अगाडि बढिरहेको र आगामी दिनमा पनि अगाडि बढिरहने प्रतिवद्धता व्यक्त गर्दछौं। यस गरिमामय सभामा लेखा सुपरिवेक्षण समितिले २०७८ श्रावण देखि २०७९ असार मसान्तसम्म संस्थाले गरेका विविध कारोवारलाई सूक्ष्म सुपरिवेक्षण गरी आफ्नो विश्लेषण सहित निम्न अनुसार को प्रतिवेदन पेश गर्न चाहान्छु।

१. **२९औं साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्थाः-**

१.१. संस्थाको २९औं साधारण सभाको निर्णयमा बुँदा नं. १३ प्रस्ताव नं. १० मा सहकारी नियमावली २०७५ को दफा २५ र संस्थाको संरक्षित पूँजी फिर्ता कोष नीति २०७७ अनुसार रू.३४,२६,५६१।०१ मध्ये बचत कारोवारको आधार मा ४० प्रतिशत छुट्ट्याउँदा हुन आउने रू.१३,७०,६२४।४० मा योग्यता पुगेका सदस्य ५३५२ जना सदस्यलाई रू.११,४१,८५२।२१ वितरण गरेको र १३५ जना अयोग्य शेयर सदस्यको रू.२,२८,७७२।१९ जगेडा कोषमा रकमान्तर गरिएको त्यस्तै ऋण कारोवारका आधारमा ६० प्रतिशत रकम २१,७५,७४९।६१ मध्ये योग्य ऋणी सदस्यहरू ४५८ जनालाई रू.१२,५०,८११।४० वितरण गरी अयोग्य २६८ जना ऋणी सदस्यको जम्मा रकम रू.८०५१२५।२१ जगेडा कोषमा रकमान्तर गरिएको जानकारी दिन चाहन्छु।

१.२. संस्थाको २९औं वार्षिक साधारण सभामा निर्णय भएको बुँदा नं. ११ को प्रस्ताव नं. ८ मा संस्थालाई अनावश्यक स्थिर सम्पत्ति (मोटर साइकल, मेच, टेवुल आदि) व्यवस्थापन गर्न सञ्चालक समितिलाई अख्तियारी दिईएकोमा सो कार्यलाई व्यवस्थापन गर्नुपर्ने देखिएकोले सुझाव अनुरोध गर्दछु।

१.३. संस्थाको २९औं वार्षिक साधारण सभामा निर्णय भएको बुँदा नं. १२ को प्रस्ताव नं. ९ मा जिल्ला भित्रका अन्य सहकारी संस्था सँग एकीकरणको लागि सञ्चालक समितिलाई अख्तियारी दिइएकोमा उक्त कार्यलाई अगाडि बढाउनु पर्ने देखिन्छ।

२. **आव २०७८/०७९ मा बसेको बैठक सङ्ख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

२.१. समिति उपसमितिको बैठक सङ्ख्या निम्नानुसार छ

| | | |
|---|---|---|
| क) | सञ्चालक समितिको बैठक | – १४ पटक |
| ख) | लेखा सुपरिवेक्षण समितिको बैठक | – १३ पटक |
| ग) | शिक्षा तथा समाजकल्याण उप-समितिको बैठक | – ३ पटक |
| घ) | महिला विकास उप-समितिको बैठक | – ३ पटक |
| ङ) | समुह बचत कार्यक्रम संचालन उप-समितिको बैठक | – ६ पटक |
| च) | ऋण तथा अर्थ व्यबस्थापन उप-समितिको बैठक | – ५२ पटक |
| छ) | सम्पत्ति तथा सामान खरिद बिक्रि उप-समितिको बैठक | – ३ पटक |
| ज) | एक्सेस कार्यदल उप-समितिको बैठक | – ७ पटक |
| झ) | सेवा केन्द्र उपसमिति | – ३ |
| ञ) | सहस्य हित राहत कोष संचालन निर्णायक उप-समिति | – ४ पटक |
| ट) | पदपूर्ति उप-समितिको बैठक | – १९ पटक |
| ठ) | समीक्षा बैठक | – १ पटक |
| ड) | साधारण सभा तयारी उप-समितिको बैठक | – ८ पटक |
| ढ) | व्याजदर निर्धारण उपसमिति | – १ पटक |

२.२. निर्णयहरूको कार्यान्वयन गरी निम्न अनुसारको सुधार गरेको पाइयो।

क) भौतिक रूपमा राखिएको चारखातालाई विस्तापन गरी गुणस्तरीय, भरपर्दो सफ्टवेयरको प्रयोग गरी कम्प्युटराईज सिस्टममा लेखा प्रणाली राखेको पाईयो।

ख) आव २०७९/०८० देखि आव २०८२/०८३ सम्म चार वर्षिय रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने लक्ष्य राखेको पाइयो।

ग) संस्थाको मूल नारालाई परिवर्तन गरी निम्न अनुसार राख्ने निर्णय गरेको पाइयो, "**चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्मृद्धि चण्डेश्वरीको साथमा**"

३. **लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धि व्यवस्था**

३.१. ऋण सीमा र अख्तियार

क) रू.५० हजार सम्म ऋण अधिकृतको निर्णयमा लगानी गर्न सकिने।

ख) रू.५० हजार भन्दा माथि रू.२५ लाख सम्म व्यवस्थापन समुहबाट स्वीकृत गरी लगानी गर्न सकिने।

ग) रू.२५ लाख माथि रू.७५ लाख सम्म ऋण तथा अर्थ व्यवस्था उपसमितिबाट स्वीकृत गरी लगानी गर्न सकिने।

घ) रू.७५ लाख भन्दा माथि व्यवस्थापन समुह र ऋण तथा अर्थ व्यवस्था उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरी लगानी गर्न सकिने।

३.२. धितो सुरक्षणको प्रकार

क) बचत रकम धितो सुरक्षणको आधारमा

ख) घर जग्गा धितो सुरक्षणको आधारमा

ग) सवारी साधन धितो सुरक्षणको आधारमा

३.३. मूल्याङ्कन आधार

क) रू.१० लाख भन्दा कम ऋण लगानीको लागि व्यवस्थापन समूहको मूल्याङ्कनको आधारमा।

ख) रू.१० लाख वा सो भन्दा माथिको ऋणमा संस्थागत मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा ।

ग) सबै ऋण लगानीमा ५ सी विश्लेषणको मूल्याङ्कन आधारमा ऋण लगानी गरेको पाइयो ।

**४. सहकारी विभागबाट जारी गरेका मापदण्डहरूको पालना सम्वन्धि विवरण**

४.१. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागबाट जारी गरेको मपदण्डको पालना गरेको पाइयो ।

४.२. मिति २०७९ जेठ १२ गते जारी गरेको ३५ बुँदे "**सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९**" जारी भएपछि अक्षरश पालना गरेका पाइयो ।

४.३. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागको इ-मेल, वेवसाइट तथा सम्पर्क नम्बरबाट मापदण्डहरूको बारेमा आवश्यकताअनुसार जानकारी लिने पद्धति रहेको पाइयो ।

**५) सहकारी कार्यालय, विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको निर्देशन, सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू**

५.१. सहकारी कार्यालय, विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको निर्देशन ग्रहण गर्ने गरिएको ।

५.२. सहकारी कार्यालय, विभाग वा सम्वन्धित सङ्घले अनुगमन गरी दिइएको निर्देशन अनुसार संस्था सञ्चालन गर्ने पद्धति रहेको पाइयो ।

**६) पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण**

६.१. पदाधिकारीहरूले कुनै किसिमको पारिश्रमिक लिइएको पाइएन ।

६.२. संस्थाको विभिन्न सामाजिक कार्यक्रममा विना पारिश्रमिक स्वयम सेवकको रूपमा सहभागी भएको पाइयो ।

६.३. संस्थाले निर्धारण गरेको सञ्चालक समितिको बैठकमा साधारण सभाले पारित गरे बमोजिम बैठक भत्ता वितरण गरेका पाइयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था**

७.१. साधारण सभाले पारित गरेको मानव संशाधन नीति २०७६ लागु गरेको पाइयो ।

७.२. साधारण सभाबाट पारित आर्थिक प्रशासन नीति २०७७ लागु गरेको पाइयो ।

७.३. सुशासन नीति २०७२ लागु गरेका पाइयो ।

७.४. श्रम ऐन २०७४ को दायरा भित्र रही मानव संशाधन सञ्चालन गरेको पाइयो ।

७.५. श्रम नियमावली २०७५ को दायरा भित्र रही सञ्चालन गरेको पाइयो ।

७.६. बोनस ऐन २०३० को दायरा भित्र रही सञ्चालन गरेको पाइयो ।

७.७. सामाजिक सुरक्षा ऐन २०७५ को दायरा भित्र रहि सञ्चालन गरेको पाइयो ।

७.८. कर्मचारी प्रशासन नियमावली लागु गरेको पाइयो ।

७.९. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी रहेको पाइयो ।

७.१०. कार्यरत कर्मचारी र कार्यबोझ बीच तादात्म्यता रहेको पाइयो ।

७.११. प्रमुख कार्यकारी अधिकृतको योग्यता क्षमता सम्बन्धी विवरण

क) शैक्षिक योग्यता : त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य शास्त्रमा मूल विषय वित्तशास्त्र राखि स्नाकोत्तर तह उर्तिण

ख) कार्यगत अनुभव : त्रिभुवन विश्वविद्यालयको सर्म्वधन प्राप्त कोशि सेन्ट जेम्स कलेजमा ९ वर्षको प्राध्यापन र किसान कल्याण साकोसमा ७ वर्ष ६ महिनाको व्यवस्थापन प्रमुखको कार्यानुभव ।

ग) विषयगत तालिम :

- Credit Union Manager Competency Course (CUMCC) From NEFSCUN
- Credit Union Director competency Course (CUDCC) From NEFSCUN
- Technology Based Growth Strategy From World Council of Credit Union
- Financial Product Design Workshop From NEFSCUN
- Research on Report Writing Work Shop From Tribhuvan University
- Business Continuity Plan From Asian Confederations of Credit Union
- Annual Planning and Budget Formulation Training form NEFSCUN
- Training of Teacher (TOT) From NEFSCUN

७.१२ कर्मचारी भर्ना प्रक्रिया र सङ्ख्या :

क) श्रम ऐन २०७४ पूर्ण रूपमा पालना गरेको पाइयो ।

ख) श्रम नियमावली २०७५ पूर्ण रूपमा पालना गरेको पाइयो ।

ग) संस्थाको मानव संशाधन व्यवस्थापन नीति २०७६ पूर्ण रूपमा लागु गरेको पाइयो ।

घ) आव २०७८/०७९ असार मसान्त सम्म संस्थामा निम्न सङ्ख्यामा कर्मचारी रेहेको पाइयो

१) नियमित कर्मचारी - १७ जना

२) नियमित कर्मचारी परीक्षण कालीन - ४ जना

३) करार कर्मचारी - १ जना

४) अस्थायी कर्मचारी - १ जना

५) जम्मा कर्मचारी सङ्ख्या २३ जना

८) **लेखा सुपरिवेक्षण समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था**

८.१. नेपाल सरकारबाट जारी गरेको लेखामान अनुरूप नै लेखा प्रणाली राख्ने गरेको पाइयो ।

८.२. म्यानुयल चारखाता प्रणालीलाई हटाई गुणस्तरीय र भरपर्दो सफ्टवयरबाट कम्प्युटराईज प्रणालीमा लेखा राखेको पाइयो ।

८.३. यस समितिको सुझाव अनुरूप रेमिटान्स सिटि एक्सप्रेस मनि ट्रान्सफर र प्रभु मनि ट्रान्सफर सुविधा थप गरेको पाइयो ।

८.४. डिजिटलाइजेसन सुविधा अन्तर्गत बैङ्क फण्ड ट्रान्सफर, खल्ती, इ-सेवा, आइएमई पे, क्यूआर पेमेन्ट, फोन पे, इ-टेलर जस्ता सेवा थप गरिएको थियो ।

९. **लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरू**

९.१. संस्थाले NFRS लेखा पद्धतिमा आफ्नो लेखा प्रणाली विकास गर्नुपर्ने देखिन्छ।

९.२. संस्थाले सहकारीको मानक अनुरूप लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विशेष टिप्पणी सहितको लङ्गफर्म समेत समावेश गर्नुपर्ने देखिन्छ।

१०. **लेखा सुपरिवेक्षण समितिका सुझावहरू**

१०.१. संस्थाले निम्न वर्गीय जनतासम्म जिल्ला भरी आफ्नो सेवा पुर्‍याउनु पर्ने ।

१०.२. संस्थाले डिजिटलाईजेसन सेवामा 4D अवधारणालाई समय र आवश्यकता अनुसार आफूलाई अपडेट गर्दै जानुपर्ने ।

१०.३. आधुनिक विश्वले पेपर लेस र भौतिक नगद रहित कारोवारको अवधारणा राखेर अगाडि बढेको परिप्रेक्ष्यमा संस्थाले पनि भविष्यको लक्ष्य निर्धारण गर्नुपर्ने ।

१०.४. सदस्यता प्राप्ति, नगद जम्मा, ऋण लगानी, सामाजिक सेवा जस्ता संस्थाले दिने सेवाहरू एप मार्फत् घरमै बसी मोवाइलको प्रयोग गरी उपलब्ध गराउने लक्ष्य लिनुपर्ने ।

१०.५. संस्थाले आफ्नो कार्यक्षमतामा प्रभावकारिता ल्याउन आइटि विभाग र कानुनी विभागको व्यवस्था गर्नुपर्ने देखिन्छ।

१०.६. शेयर सदस्यलाई सुरक्षा हित राहत कोष दिंदा प्रतिस्पर्धि मापदण्ड अनुसार दिनुपर्ने ।

१०.७. सहकारीको विश्वभर प्रचलित मूल्य मान्यता र सिद्धान्तलाई आधार मानेर आफ्ना शेयर सदस्यहरूलाई उत्कृष्ट सेवा दिनुपर्ने ।

अन्त्यमा विकसित समाजको गन्तब्यमा पुग्न सहकारी मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै सामाजिक, आर्थिक, सांस्कृतिक लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मनन् गर्दै तपाईँहरूले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनलाई सहर्ष स्वीकार गर्दै पारित गरिदिनु हुनेछ भन्ने आशा राख्दै आउँदै गरेका नेपालीहरूका महान पर्व दशै, तिहार, छठ र नेपाल सम्वत ११४३ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस समितिको प्रतिवेदन यही अन्त गर्दछु। धन्यवाद !

जय सहाकारी ! जय चण्डेश्वरी !!

संयोजक : सुरेन्द्र प्रजापति
सदस्य : विनयकृष्ण कायस्थ
सदस्य : बुद्धरत्न मानन्धर

# ३०औं वार्षिक साधारण सभामा ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०७८/०७९



**जय ओम बादे**, संयोजक

यस संस्थाको ३०औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, पत्रकार मित्रज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवम् विषयगत उपसमितिको सदस्यज्यूहरू, कर्मचारी मित्रहरू लगायत उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्यूज्यूहरूमा सहकारी अभिवादन व्यक्त गर्दछु। आजको यस गरिमामय ३०औं वार्षिक सधारण सभा कार्यक्रममा यहाँहरू समक्ष यस संस्थाको ऋण तथा अर्थ व्यवस्था उपसमितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित छु।

यस संस्था ३०औं बसन्त पार गदै गर्दा यस संस्थाले काभ्रे जिल्ला भरिबाट ८१३३ जना सदस्यहरूबाट जम्मा रू.१ अर्व १६ करोड भन्दा बढीको कारोबार गर्न सफल भएको छ। विगतका वर्षहरूमा कोभिड १९ का कारणले संस्थाको ऋण लगानीलाई बढाउन नसकिएको र ऋण असुलीमा समस्या भई भाखा नाघेको ऋण बढ्न गएको अवस्थामा आव २०७८/०७९ मा ऋण लगानीमा २४.६० प्रतिशतले वृद्धि गर्न संस्था सफल भएको छ भने भाखा नाघेको ऋण पनि उल्लेखनीय मात्रामा असुली भई संस्थाको ऋण जोखिम न्यूनीकरण भई सुरक्षित मापदण्डमा रहन सफल भएको छ।

यस संस्थाले ऋण व्यवस्थापन नीति २०७५ अनुसार यस उप-समितिले पाएको अधिकार क्षेत्र भित्र रहेको ऋण निवेदनको विश्लेषण, ऋण लगानीको आधारहरू, ऋणको लागि धितो मूल्याङ्कन, 5C को मूल्याङ्कन आधार अनुसार ऋण प्रवाह गदै आएको छ। ऋण शीर्षक अनुसार रू.१० लाख वा सो भन्दा बढीको ऋण लगानीमा संस्थागत मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरेर मात्र ऋण प्रवाह गदै आएका छौं। साथै संस्थाको ऋणमा निहित जोखिमलाई न्यूनीकरण गर्न नियमानुसार नै ऋण जोखिम व्यवस्थापन पनि गरिएको जानकारी गर्दछु।

**१. ऋण लगानी तथा असुली सम्बन्धमा**

संस्थाको आव २०७७/०७८ मा कुल ऋण लगानी हिसाब रू. ७३,९०,४८,०८०।१८ रहेकोमा आव २०७८/०७९ मा रू.१८१७७८६८३।९७ ले ऋण लगानीमा वृद्धि भई कुल ऋण लगानी हिसाब रू.९२०८२६७६४।१५ पुगेको छ। अर्थात कुल सम्पत्तिको ७९।१२ प्रतिशत ऋण लगानी भएको छ। ऋण उपभोग गरेका कुल सदस्य संख्या ८३९ जना रहेको छ। जसको क्षेत्रगत ऋण लगानीको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | ऋण लगानी शीर्षक | आव २०७७/०७८ | आव ०७८/०७९ को लगानी | आव २०७८/०७९ को असुली | आव २०७८/०७९ को बाँकी ऋण | अनुपात |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक ऋण | ९,५९१,९९७।३१ | १७,५२९,०३९।५९ | ६,६०२,५७८।३८ | २०,५१८,४५८।५२ | २.२३% |
| २ | चण्डेश्वरी ऋण | ४,०१८,६४८।५० | ३०,७५७,१०३।९६ | २६,२२६,४८४।१९ | ८,५४९,२६८।२७ | ०.९३% |
| ३ | जमानत ऋण | १३,१५९,२३२।७२ | २४,०२५,३८३।४५ | १७,८७२,४५८।४८ | १९,३१२,१५७।६९ | २.१०% |
| ४ | मर्मत संभार ऋण | ५८३,४५२।१९ | | ५८३,४५२।१९ | | ०.००% |
| ५ | खरखाँचो ऋण | २२,८२९,६८४।६६ | २१,८३९,४९८।९६ | १५,८२२,७४२।६७ | २८,८४६,४४०।९५ | ३.१३% |
| ६ | घरजग्गा ऋण | १२३,९८१,६८८।१७ | २१,२२३,५९५।९२ | ४७,६८९,२४४।८४ | ९७,५१६,०३९।२५ | १०.५९% |
| ७ | चार पाङ्ग्रे सवारी ऋण | २५०,२६९,८४०।१२ | १५०,९०५,९३०।८३ | ११९,९५२,३६५।८८ | २८१,२२३,४०५।०७ | ३०.५४% |

| क्र.सं. | ऋण लगानी शीर्षक | आव २०७७/०७८ | आव ०७८/०७९ को लगानी | आव २०७८/०७९ को असुली | आव २०७८/०७९ को बाँकी ऋण | अनुपात |
|---|---|---|---|---|---|---|
| ८ | दुई पाङ्ग्रे सवारी ऋण | ९८६,०२८।४१ | २,२०२,०००।०० | १,३९५,६९६।७७ | १,७९२,३३१।६४ | ०.१९% |
| ९ | व्यवसाय प्रवर्द्धन ऋण | ९०,५९६,४७०।२३ | २६०,५३०,८२२।५६ | २३३,७७०,०८८।७६ | ११७,३५७,२०४।०३ | १२.७४% |
| १० | अन्य उठ्न बाँकी अतिरिक्त ऋण | २४,३९०।५४ | ५६,२६५।८२ | ८०,६५६।३६ | | ०.००% |
| ११ | कृषि ऋण | १०,९६८,७३७।२४ | २२,७६७,९४५।७१ | ३,६६७,९२१।६१ | ३०,०६८,७६१।३४ | ३.२७% |
| १२ | व्यपार व्यवसाय ऋण | १५९,८४२,२३७।७५ | १५०,२११,९२७।०८ | ८७,८४१,९२३।७७ | २२२,२१२,२४१।०६ | २४.१३% |
| १३ | घरेलु तथा साना व्यवसाय ऋण | २,७७०,०१२।३६ | ३,९५०,०००।०० | ३,००५,८५९।०४ | ३,७१४,१५३।३२ | ०.४०% |
| १४ | रियल स्टेट ऋण | २३,०५७,५६०।४३ | ३९,०३३,५९३।९३ | १०,५५६,६८६।१० | ५१,५३४,४६८।२६ | ५.६०% |
| १५ | औद्योगिक ऋण | ८,७६३,८४३।५७ | १४,३६०,००२।४९ | ७,४८२,४३१।४५ | १५,६४१,४१४।६१ | १.७०% |
| १६ | सेवा व्यवसाय ऋण | १०,३६९,२५५।९८ | | ६५७,३९७।११ | ९,७११,८५८।८७ | १.०५% |
| १७ | कर्मचारी सञ्चयकोस ऋण | २,५३५,०००।०० | ५,७५०,०००।०० | | ८,२८५,०००।०० | ०.९०% |
| १८ | कोभिड सहुलियत ऋण | ४,७००,०००।०० | ३,९१०,०००।०० | ४,०६६,४३८।७३ | ४,५४३,५६१।२७ | ०.४९% |
| **जम्मा लगानीमा रहेको ऋण** | | **७३९,०४८,०८०।१८** | **७६९,०५३,११०।३०** | **५८७,२७४,४२६।३३** | **९२०,८२६,७६४।१५** | **१००.००%** |

**२. ऋण सीमा तथा अख्तियार सम्बन्धमा**

ऋण लगानी प्रक्रियालाई छिटो छरितो र ऋण कारोबार सरल सुलभ बनाउन ऋण व्यवस्थापन नीति २०७५ ले दिएको अधिकार अनुसार निम्नानुसार ऋण लगानीको सीमा तथा अख्तियारी रहेको जानकारी सम्मानित हल समक्ष राख्न चाहन्छु ।

| क्र.सं. | ऋण सिमा | ऋण लगानी अख्तियारी |
|---|---|---|
| १ | रू.५० हजार सम्म | ऋण विभाग |
| २ | रू.२५ लाख सम्म | व्यवस्थापन |
| ३ | रू.७५ लाख सम्म | ऋण तथा अर्थ व्यवस्था उपसमिति |
| ४ | रू.७५ लाख भन्दा माथि | सञ्चालक समिति |

**३. ऋण जोखिम र जोखिम व्यवस्थापन**

**क. ऋण जोखिम गणना :-**

| क्र.सं. | ऋण विवरण | आषाढ ०७८ | अनुपात | आषाढ ०७९ | अनुपात |
|---|---|---|---|---|---|
| १ | भाखा ननाघेको | ६७४,६१४,११३.५९ | ९१.२८% | ८८६,४९५,१४९.३१ | ९६.२७% |
| २ | १ महिना सम्म भाखा नाघेको | २०,६२९,९११.५५ | २.७९% | ९,१०३,६८३.०० | ०.९९% |
| ३ | १ - १२ महिना सम्म भाखा नाघेको | ३१,५९२,८२५.४० | ४.२७% | १३,९९४,२२९.६२ | १.५२% |
| ४ | १२ महिना भन्दा बढी भाखा नाघेको | १२,२११,२२९.६४ | १.६५% | ११,२३३,७०२.२२ | १.२२% |
| | **जम्मा** | **७३९,०४८,०८०.१८** | **१००%** | **९२०,८२६,७६४.१५** | **१००%** |

**ख. ऋण जोखिम व्यवस्थापन :-**

| क्र.सं. | विवरण | जोखिम व्यवस्थापन | ऋण रकम | जोखिम व्यवस्थापन रकम |
|---|---|---|---|---|
| १ | असल ऋण | १ प्रतिशत | ८८६,४९५,१४९।३१ | ८,८६४,९५१।४९ |
| २ | शंकास्पद ऋण | ३५ प्रतिशत | २३,०९७,९१२।६२ | ८,०८४,२६९।४२ |
| ३ | खराव ऋण | १०० प्रतिशत | ११,२३३,७०२।२२ | ११,२३३,७०२।२२ |
| | जम्मा | | ३०,१८१,९३७।४३ | २८,१८२,९२३।१३ |

४. **कार्य सम्पादन**

- आ.ब. २०७८/०७९ मा ऋण तथा अर्थव्यवस्थापन उप-समितिको बैठक ५२ पटक बसी रू.२४,८२,७०,०००/- ऋण स्वीकृत गरियो भने ऋण तथा अर्थ व्यवास्था उपसमितिबाट सिफारिस भई सञ्चालक समितिबाट रू.१८,१८,००,०००/- स्वीकृत भई लगानी भएको थियो त्यस्तै व्यवस्थापनबाट रू.२०,८२,८०,५००/- स्वीकृत भई लगानी भएको थियो भने गत आव भरमा जम्मा रू.५८,७२,७४,४२६।३३ असुली गर्न सफल भएका छौं।
- आ.ब. २०७७/०७८ को संरक्षित पुँजी फिर्ता कोषबाट नियमित किस्ता भुक्तान गर्ने ४५८ जना ऋणी सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोष नीति -२०७७ बमोजिम रू.१२,५०,८११।४०(अक्षरूपी बाह्रलाख पचास हजार आठ सय एघार रूपैयाँ चालिस पैसा मात्र) रकम बाँडफाँड गरिएको छ। त्यसैले प्रत्येक ऋणी सदस्यहरूले ऋणको किस्ता (साँवा र व्याज) भुक्तानी तालिका अनुसार समयमा भुक्तानी गरी संरक्षित पुँजी फिर्ताकोष वितरण गरिने सुविधाबाट लाभान्वित हुन अनुरोध गर्दछु।
- भाखा नाघेका ऋणहरूलाई असुल उपर गर्न ऋण व्यवस्थापन नीति २०७५ अनुसार ऋण उप-सिमिति र कर्मचारीहरू सयुक्त रूपमा ऋणी सदस्यहरूको घरदैलोमा गई भेटघाट गरियो।

५. **आगामी ऋण प्रबर्द्धन कार्ययोजना**

- आ.ब. ०७९/०८० को बार्षिक कार्यक्रम योजना अनुसार ऋण लगानी प्रबर्द्धन कार्यक्रम बर्ष भरि नै निरन्तर कार्यक्रम सञ्चालन गरिने छ।
- ऋण प्रवर्द्धन कार्यक्रममा KYM अनुसार सदस्यहरूको पेशा र उमेर अनुसार वर्गीकृत गरी ऋण शीर्षकको आधारमा सदस्यहरूको आवश्यकता विश्लेषण गरी नयाँ आवश्यक ऋण प्रवर्द्धन कार्यक्रम तयार गरिने छ।
- संस्थाको कुल सदस्यको १०।३२ प्रतिशत मात्र सदस्यहरूले ऋण उपभोग गरिरहेको अवस्थामा वजार विश्लेषण गरी अन्य सदस्यहरूलाई पनि ऋण कारोबारमा सहभागिता जनाउन प्रात्साहित गर्नेछ।
- प्रत्येक नयाँ सदस्यलाई प्रदान गरिने सहकारी शिक्षा कार्यक्रममा ऋण सम्बन्धी पूर्ण जानकारी समावेश गरिने छ।

अन्त्यमा, सफल उद्यमशीलताबाट रोजगारी तथा स्वरोजगारका अवसरको सृजना तथा दिगो र फराकिलो आर्थिक वृद्धिका लागि आधार विकास गर्न अग्रसर रहेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. लाई सहयोग र निरन्तर साथ दिने सम्पूर्ण आदरणीय शेयर सदस्यहरूज्यूहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं। भविष्यमा पनि सुरक्षित ऋण लगानी तथा समयमा नै ऋण असुलीका लागि सकारात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछु। नजिकिँदै गरेका नेपालीहरूका महान पर्वहरू दशैं, तिहार, छठ लगायतका सम्पूर्ण पर्वहरूको पुनित उपलक्ष्यमा सुस्वास्थ्य, दिर्घायु एवम् उत्तररोत्तर प्रगतिको कामना सहित प्रतिवेदन समापन गर्न अनुमति चाहन्छु।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : जय ओम बादे
सदस्य : रमेश काजी श्रेष्ठ
सदस्य : हेमन्त राज प्रधान

# ३०औं वार्षिक साधारण सभामा 'शिक्षा तथा समाज कल्याण उपसमितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०७८/०७९'



✍ **पूर्ण पोटे**, संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा - ८, काभ्रेपलाञ्चोकको ३०औं वार्षिक साधारण सभाका सभाध्यक्ष एवम् संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यू, राष्ट्रिय, प्रदेश, जिल्ला तथा नगर स्तरीय सहकारी निकाय एवम् सङ्घ संस्थाबाट प्रतिनिधित्व गरेर आउँनुहुने अतिथिज्यूहरू, पत्रकार महानुभाव, कर्मचारी साथीहरू तथा शेयर सदस्य आमाबुबा, महिला तथा सज्जन वृन्दहरूमा शिक्षा तथा समाज कल्याण उपसमितिको तर्फबाट न्यानो अभिवादन टक्र्याउँछु।

आजको बचत भोलिको सुन्दर भविष्य हो। बचत विना अवको प्रतिस्पर्धात्मक समाजमा आत्मसन्तुष्टिका साथ जिउन मुश्किल हुन्छ। "**चण्डेश्वरी हजुरको हातमा : हजुरको सम्वृद्धि चण्डेश्वरीको साथमा**" भन्ने नारालाई आत्मसाथ गर्दै सदस्यहरूको सामाजिक, आर्थिक, साँस्कृतिक एवम् शैक्षिक उन्नयका लागि यस उपसमिति हरदम तत्पर छ। विगतका केही समय कोभिडका कारण जनजीवन अत्यन्त प्रभावित भयो। त्यसको असर सामाजिक, आर्थिक एवम् शैक्षिक क्षेत्रमा समेत परेको कुरा जगजाहेर नै छ। जहाँ समस्या त्यहाँ उपाय भने झैं हाम्रा सामु अवसरहरू पनि थुप्रै छन्। संस्थाको वर्तमान अवस्था, भविष्यका सम्भावना तथा चुनौतीहरूलाई दृष्टिगत गरी संस्थाले बनाएको नीति, नियम, कार्यविधि र विनियमलाई टेकेर यस उपसमितिले आफ्नो जिम्मेवारी पूरा गरेको छ । आगामी दिनमा पनि पूरा गर्ने विश्वास लिएको छ। यस उपसमितिले भित्तेपात्रो तथा टेवुल क्यालेन्डर प्रकाशनमा सहयोग गरेको छ। यस आवमा खासै कुनै उत्पादनमूलक काम गर्न नसके पनि आगामी दिनमा वार्षिक कार्ययोजना अनुसार निम्नानुसार कार्यगर्ने प्रतिवद्धता यस सम्मानित हल समक्ष राख्न चाहन्छु।

| क्र.सं. | कार्यक्रम | महिना | कार्यक्रम सङ्ख्या |
|---|---|---|---|
| १ | वित्तीय साक्षरता कार्यक्रम | श्रावण २०७९ - असार २०८० सम्ममा | २४ वटा सम्म |
| २ | सामुदायिक विद्यालय छात्रवृत्ति कार्यक्रम | असोज | १ |
| ३ | समिक्षा गोष्ठी | कार्तिक, माघ, बैशाख र असार | ४ |
| ४ | TOT कार्यक्रम (प्रशिक्षक प्रशिक्षण तालिम) | मङ्सिर | १ |
| ५ | उद्घोषण तालिम | पौष | १ |
| ६ | CUDCC तालिम | माघ | १ |
| ७ | सहकारी व्यवस्थापन तालिम | फागुन | १ |
| ८ | जनचेतना मूलक कार्यक्रम | चैत्र | १ |
| ९ | नेतृत्व विकास तालिम | जेठ | १ |

सदस्यहरूको छरिएर रहेको पुँजीलाई सङ्कलन गरी बचत तथा ऋण कारोवार मात्र नभई उत्पादन मूलक कार्यमा समेत संस्थाको गतिविधि अघि बढेकोले नै संस्था आजको यस अवस्था सम्म पुग्न सफल भएको हो। यसको श्रेय संस्थासँग आवद्ध सम्पूर्ण सदस्यहरूलाई जान्छ। अन्तमा नजिकै आउँदै गरेका हिन्दुहरूका महान पर्व दशैं, तिहार एवम् छठपर्वको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै आगमी दिनहरूमा यहाँहरूको साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा गर्दछु।

धन्यवाद ‼ जय सहकारी ! जय चण्डेश्वरी !

संयोजक : पूर्ण पोटे
सदस्य : रीता बादे श्रेष्ठ
सदस्य : ज्योत्सना सैंजु कायष्थ

# ३०औं वार्षिक साधारण सभामा समुह बचत उप-समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०७८/२०७९



✍ **रूक्मणी राजभण्डारी**, संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को ३०औं साधारण सभाका आदरणीय सभापति एवम् यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यूहरू, सहकारी बिज्ञ एवम् बिभिन्न सहकारी निकायबाट पाल्नु भएका अतिथिज्यूहरू सल्लाहकारज्यूहरू समिति उप-समिति सदस्य महानुभावहरू, शेयर सदस्य महानुभावहरू, हरदम मिहेनेतका साथ आफनो कर्तव्य पालनामा लागि पर्ने कर्मचारी मित्रहरूमा न्यानो स्वागत अभिवादन टक्र्याउन चाहन्छु ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना भई समुदायमा बचत तथा ऋण सहकारीको माध्यमबाट परिवर्तन ल्याउनको लागि विगत ३० बर्ष अगाडिको सोचलाई समयको अन्तराल सगँसँगै विस्तारै यस संस्थाले आफ्नो कार्यक्षेत्र भित्र छबि बनाउन सफल भएको छ । यसैलाई निरन्तरता दिनको लागि संस्थाको मूल श्रोत बचत परिचालन गर्नको लागि समूहमा गई सेवा सुविधा प्रदान गर्ने उद्देश्यले यस उपसमितिले बनेपा र आसपासका क्षेत्रहरूमा  सेवा पुऱ्याउँदै आईरहेको जनकारी गराउन चाहन्छु ।

यस संस्थाको कार्यक्षेत्रमा बचतको माध्यमबाट जीवनलाई सहज र आफ्नो व्यवसायलाई टेवा दिई आर्थिक उन्नत्ति गर्न सक्नुका साथै यसलाई हामीले समयमा नियमित बचत गर्ने गरेको खण्डमा फजुल खर्चको कटौतीका साथ आफूलाई अप्ठ्यारो पर्ने स्थितीमा यसबाट निकै ठूलो राहत प्रदान गर्ने भएकोले घरदैलो सेवाको रूपमा यस कार्यक्रमलाई अगाडि बढाउँदै आएकोले शेयर सदस्य महानुभावहरू लगायत साथीभाई, इष्टमित्र, टोल छिमेकमा छुट्नु भएका महानुभाबहरू पनि यस संस्थाको सेवा सुविधाहरू लिनका लागि समयमा नै सदस्यता लिनु भई नियमिति बचत गर्ने बानी बसाल्न आबद्ध समूहगत बचत सदस्यहरूले पनि आ–आफ्नो क्षेत्रबाट संस्थालाई सहयोग पुऱ्याउनु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

आ.वा.०७८/०७९ मा ६ पटक समूह बचत कार्यक्रम उपसमितिको बैठक बसी निम्न कार्यक्रमहरू सम्पन्न गर्नुका साथै यस उपसमितिले समाजिक कार्यक्रमहरू लगायत समूहमा आबद्ध शेयर सदस्यहरूलाई समय समयमा वित्तीय साक्षरताका साथै समूह र सदस्यता वृद्धिका कार्यक्रहरू सञ्चालन गरेका छौं ।

क) मिति २०७८ फाल्गुण २४ गते पनौती आधारभूत पाठशालामा समुदाय भेटघाट कार्यक्रम गरिएको थियो जसमा ५७ जनाको सहभागिता रहेको थियो ।

ख) मिति २०७८ चैत्र १८ गते नगर स्वास्थ्य केन्द्र बनेपा ९ मा आँखा शिविर कार्यक्रम गरिएको थियो जसमा २२४ जनाको सहभागिता रहेको थियो जसमध्ये १३२ जना महिला र ९२ जना पुरुष सहभागीले सेवा लिनु भएको थियो । उक्त कार्यक्रममा ६४ जनालाई चस्मा वितरण गरिएको थियो भने २१ जनालाई अपरेसन गर्न सिफारिस गरिएको थियो ।

ग) मिति २०७९ बैशाख ११ गते संस्थाको कार्यालयमा ३ दिने लप्सी क्याण्डी परिकार बनाउने सीपमूलक तालिम आयोजना गरिएको थियो जसमा २९ जना महिला सदस्यको सहभागिता रहेको थियो ।

**आ.व.२०७९।०८० मा यस उपसमितिले गर्ने वार्षिक कार्ययोजना**

क) यस उपसमितिले आव २०७९/०८० भरमा २४ वटा समुदाय भेटघाट तथा टोल भेला कार्यक्रम सञ्चालन गरी सदस्य वृद्धिमा उल्लेखनीय योगदान गर्ने लक्ष्य राखेको छ।

अन्तमा, यस वार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथिगण, सल्लाहकार, उपस्थित शेयर सदस्य महानुभावहरू समिति तथा उप–सतिति पदाधिकारी र सदस्यहरू र कर्मचारी मित्रहरूबाट यस समूह बचत कार्यक्रम संचालन उप-समितिलाई अझ अगाडि बढाउनका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी अगामी वर्षमा गरिने कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ समूह बचत कार्यक्रम उपसमितिको वार्षिक प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु।

धन्यबाद, जय सहकारी, जय चण्डेश्वरी

संयोजक : रुकमणी राजभण्डारी
सदस्य : सुवन कुमार प्रधान
सदस्य : दया प्रजापति
समूहगत बचत उप–समिति

# ३०औं वार्षिक साधारण सभामा महिला विकास उप-समिति को तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०७८/२०७९



✍ **रोशना राजवंशी**, संयोजक

यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को ३०औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न विषयगत उपसमिति तथा कार्यदलका संयोजक एवम् सदस्यज्यूहरू, पत्रकार मित्रहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी मित्रहरू र संस्थाका धरोहर शेयर सदस्य महानुभावहरूमा म महिला विकास उप-समितिको संयोजक रोशना राजवंशीको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

हिजो चुलो-चौकामा रुमल्लिएका महिलालाई आज सार्वजनिक स्थलमा उतारी समाज विकासको एउटा महत्वपूर्ण अङ्गको रूपमा उनीहरूलाई सहकारीले स्थापित गरेका छन् । स-साना आवश्यकता पूर्तिका लागि परिवारसँग आश्रित हुने महिला दिदिवहिनीहरू आज सहकारीको माध्यमबाट आत्म निर्भर बन्न पुगेका छन् । यस चण्डेश्वरी साकोष पनि महिलाहरूका हितको लागि विभिन्न कार्यक्रमहरू गर्दै आएको यहाँहरूलाई जानकारी नै छ । यस उप-समितिले विभिन्न वार्षिक योजना बनाउदै आउँदा आउँदै पनि हामीले विभिन्न कार्यक्रम गर्न सकेका छैनौं । अरू आत्मनिर्भर कार्यक्रम गर्न नसकेतापनि स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्न सफल भएका छौं ।

हामीले खुला रक्तदान बनेपा तिन दोबाटोमा नेपाल रेडक्रस सोसाईटी बनेपा शाखाको प्राविधिक सहयोग र ब्लड डोनर्स एशोसिएसन बनेपा शाखासँग सहकार्य गरी असोज र फागुन महिना गरी जम्मा २ पटक रक्तदान कार्यक्रम गरिएको थियो । जसमा ७५ जना दाताहरूले Blood Donation गर्नु भएको थियो ।

यस उप-समितिले आ.व. २०७८/०७९ मा प्रस्तावित कार्यक्रम मध्ये स्वास्थ्य सम्बन्धि २०७९ जेष्ठ ११ गते मंगलबार बनेपा-४, नाला भगवती स्थानमा निःशुल्क दन्त शिविर सुप्रिम डेन्टल केयरको प्राविधिक सहयोगमा एक दिने कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम विहान १० बजे देखि दिउँसो २ बजे सम्म सञ्चालन गरिएको थियो । जसमा जेष्ठ नागरिक, स्कुलका विद्यार्थीहरू, महिला, पुरुष गरेर जम्मा ४० जनाले सुविधा लिन पाएका थिए ।

जसमध्ये धेरै जसोको दाँत सफा गर्नुपर्ने, भर्नुपर्ने समस्या देखिएको जानकारी गराउनु भएको र दुई व्यक्तिको दाँत पनि निकाल्ने कार्य भएको थियो । केही व्यक्तिहरूलाई हामीले साधारण नदुख्ने र कुल्ला गर्ने औषधी पनि उपलब्ध गराएका थियौं । सो दिन यस शिविरमा जाचँको लागि आउनुहुने सम्पूर्ण शेयर सदस्य महानुभावलाई दाँतको रोग अनुसार सुप्रिम डेन्टल केयरसँग कम्तिमा २०% छुटको व्यवस्था गर्ने सम्झौता भएको व्यहोरा हयाँहरूलाई जानकारी गराउँदछु ।

आव २०७९/०८० मा यस उपसमिति मार्फत निम्न कार्यक्रम सञ्चालन गर्ने व्यहोरा पनि यस सभा समक्ष अनुरोध गर्दछु ।

| क्र.सं. | कार्यक्रम | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ सदस्य सम्मान | २ | कुशे औँशीको अवसरमा पुरूष र माता तिर्थ औँशीको अवसरमा महिला (७५ वर्ष माथिका) |
| २ | रक्तदान कार्यक्रम | २ | |
| ३ | स्वस्थ्य शिविर कार्यक्रम | २ | |
| ४ | युवा क्लव गठन | १ | १८ वर्ष माथि ४० वर्ष सम्मका शेयर सदस्यहरूबाट |
| ४ | खेलकुद कार्यक्रम | १ | |
| ५ | अवलोकन भ्रमण | १ | |
| ६ | जेष्ठ सदस्य तीर्थाटन भ्रमण | १ | ६० देखि माथि ७५ वर्ष सम्मका शेयर सदस्यहरूलाई |

अन्त्यमा, यस ३०औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथि, अतिथिगण, सल्लाकार, पत्रकार, उपस्थित शेयर सदस्य महानुभावहरू, समिति तथा उप-समिति पदाधिकारी र सदस्यहरू र कर्मचारी मित्रहरूबाट यस महिला विकास उप-समितिलाई अझ अगाडि बढाउनका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी आगामी वर्षमा गरिने कार्यक्रमहरूलाई सफलतापूर्बक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ सम्पूर्णमा २०७९ सालको शुभ विजया दशमी तथा शुभ दीपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै महिला विकास उप-समितिको वार्षिक प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु ।

धन्यवाद ! जय सहकारी ! जय चण्डेश्वरी

संयोजक : रोशना राजवंशी
सदस्य : शारदा देवी बादे श्रेष्ठ
सदस्य : रचना न्हुँच्छे प्रधान बादे
सदस्य : रीता मानन्धर
सदस्य : विमला पोटे श्रेष्ठ

# टिपोट